# प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

## शोध पत्र


शोधकर्ता
थिरेन्द्रराज पौडेल
क्याम्पस क्रमाङ्क : २४/२०६५
परीक्षा क्रमाङ्क : २०४०१३२/२०६७
त्रि.वि.दर्ता.नं. : ९-३-२०४-१०-२००८



शैक्षिक योजना तथा व्यवस्थापन विभाग
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा
२०७२/ई.स.२०१५

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

प.सं.

च.नं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **थिरेन्द्रराज पौडेलले** मेरो प्रत्यक्ष निर्देशनमा **प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(योन्देन सुनुवार)

शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०

Fax : ०२३-५५०

Email : kanakai.campus47@gmail.c

च.नं.

प.सं.

मिति : २०७२/१०/०२

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **थिरेन्द्रराज पौडेलले प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी ..........................

विभागीय प्रमुख

२. योन्देन सुनुवार ..........................

शोध निर्देशक

३. उप-प्रा. शेषराज अधिकारी

बाह्य परीक्षक ..........................

# कृतज्ञता

**प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम** शीर्षकको यो शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अर्न्तगत शिक्षा योजना तथा व्यवस्थापन मूल विषय लिई अध्ययनरत स्नातकोत्तर तह ( एम.एड.) द्वितीय वर्षको आशिंक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको हो ।

यस शोधपत्रको शीर्षक छनौटदेखि शोधपत्र लेखनकार्य पुरा गर्ने समयसम्म आवश्यक सल्लाह , सुझाव र परामर्श दिनुहुने कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाका क्याम्पस प्रमुख सह- प्राध्यापक टंक बहादुर कार्की, विभागीय प्रमुख उप प्राध्यापक आशा शर्मा सिवाकोटीका साथै शोध निर्देशक सहायक प्राध्यापक योन्देन सुनुवार प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । तथ्याङ्क संकलन कार्यका क्रममा आवश्यक पर्ने सूचना, तथ्याङ्क, तथा जानकारी प्रदान गर्नुहुने भानुजन स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री राम कृपाल महत्तो, विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, अभिभावकहरु  तथा विद्यार्थीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउने सबै सहकर्मी मित्रहरुका साथै यस शोध पत्रलाई समयमै टंकण गरी सहयोग पुऱ्याउने मनिता लिम्बुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**थिरेन्द्रराज पौडेल**

# शोधसार

*प्रस्तुत अध्ययन **प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम** शीर्षकमा तयार पारिएको हो । यसको मुख्य उद्देश्य दलित छात्रवृत्ति कार्यक्रमको अवस्था पहिचान गर्नु रहेको छ ।*

*यो अध्ययन मिश्रित ढाँचामा आधारित रहेको छ । यस अध्ययनलाई अगाडि बढाउने क्रममा प्रश्नावली, अन्तर्वार्ता अनुसूची, लक्षित समूह छलफल, अवलोकन, स्थलगत भ्रमण जस्ता साधनहरुको प्रयोग गरिएको छ । विद्यार्थीहरुको व्यवहारको अध्ययनको लागि अवलोकन फारामको समेत प्रयोग गरिएको छ । यस अध्ययनका क्रममा प्राथमिक स्रोतहरु अन्तर्गत विद्यालयको भ्रमण तथा अवलोकनबाट प्राप्त तथ्याङ्कहरु रहेका थिए भने द्वितीय स्रोत अन्तर्गत विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक नीति नियम र अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, विद्यालयमा रहेका विभिन्न रेकर्ड फायलहरु तथा अभिलेखहरु रहेका थिए । यो अध्ययन सम्पन्न गर्नका लागि सम्भावना रहित नमुना छनौट अन्तर्गत उद्देश्यमूलक नमुना छनौट विधि अपनाइएको छ । नमुना छनौटका लागि ताप्लेजुङ्ग जिल्लाको भानुजन उ.मा.वि. स्रोत केन्द्र अन्तर्गतका २८ वटा सामुदायिक विद्यालयहरु मध्येबाट ६ वटा विद्यालय, स्रोत व्यक्ति १ जना, सम्बन्धित विद्यालयका प्रधानाध्यापक ६ जना, प्रत्येक विद्यालयबाट २/२ जना शिक्षक गरी १२ जना, दलित छात्रवृत्ति प्राप्त गर्ने प्राथमिक तहका विद्यार्थीहरु ३/३ जनाका दरले १८ जना र तिनका अभिभावक १/१ जना गरी जम्मा ५५ जना व्यक्तिलाई नमुनाका रुपमा लिइएको छ । नमुनाका रुपमा लिइएका उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी त्यसकै आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।*

*यस क्षेत्रमा रहेका विद्यालयमा औसत रुपमा १६.५७ प्रतिशत दलित विद्यार्थी भर्ना भएको पाइयो । विद्यालयमा छात्रवृत्ति वितरण कुनै निश्चित समयमा नभई विद्यालयले आफ्नो कार्यतालिका अनुसार शैक्षिक सत्रको सुरु, अन्त्य वा मध्यमा आफुखुशी वितरण गरेको पाइयो । छात्रवृत्ति बापतको रकम विद्यालयको पोशाक, कापी कलम, लुगा, पारिवारिक आवश्यकता, औषधि उपचार, टाइ जुत्ता खरिद, परीक्षा शुल्क तथा खाजा जस्ता क्षेत्रमा खर्च गरेको पाइएको थियो भने छात्रवृत्ति बापतको रकम अपर्याप्त भएको गुनासो समेत आएको थियो । दलित छात्रवृत्तिले*

*छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धिमा वृद्धि भएको पाइयो । सो वृद्धि छात्रवृत्तिले मात्र नभई विद्यार्थीको अभ्यास, अभिभावकको शैक्षिक, आर्थिक तथा सामाजिक स्तर आदिले समेत प्रभावित भएको पाइयो । छात्रवृत्तिको कारणबाट विद्यार्थीहरुको नियमिततामा वृद्धि, सिकाइ प्रतिको उत्प्रेरणामा वृद्धि, गृहकार्य गर्ने बानीमा सुधार आउनुका साथै अध्ययनप्रतिको झुकावमा समेत वृद्धि भएको पाइयो ।*

*नमुना छनौटमा परेका उत्तरदाताहरुका अनुसार छात्रवृत्तिको रकम समयमै वितरण नगरिनु, दोहोरो छात्रवृत्ति प्राप्त गर्ने प्रयास गरिनु, छात्रवृत्ति नपाउनेमा मनोवैज्ञानिक असर पर्नु, छात्रवृत्तिको रकम अपर्याप्त हुनु, जस्ता समस्याहरु रहेका थिए । उपर्युक्त समस्याहरु समाधानका लागि छात्रवृत्तिको रकम शैक्षिक सत्रको सुरुमा वितरण गर्नुपर्ने, रकम निर्धारित काममा लगाउनु पर्ने, छात्रवृत्तिको रकममा वृद्धि गर्नुपर्ने, दोहोरो भर्ना प्रक्रियालाई निरुत्साहन गर्नुपर्ने र प्रभावकारी निरीक्षण तथा अनुगमन गर्नुपर्ने, छात्रवृत्ति आवश्यकता अनुसार वितरण गर्न नीति निर्माण गर्नुपर्ने, स्थानीय क्षेत्रमानै छात्रवृत्ति कोष स्थापना गर्नुपर्ने, गरिव अभिभावकहरुका लागि आधारभुत आवश्यकता पुर्ति गर्ने खालका सीप विकास गर्ने योजना तथा तालिम कार्यक्रमको व्यवस्था गर्नुपर्ने सुझावहरु प्रस्तुत गरिएको छ ।*

# विषय सूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | सिफारिश पत्र | |
| २. | स्वीकृति पत्र | |
| ३. | कृतज्ञता | |
| ४. | सोधसार | |
| ५. | विषय सूची | |
| | **परिच्छेद एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनको उद्देश्य | ५ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ६ |
| १.६ | अध्ययनको परिसीमा | ६ |
| | **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक स्वरुप** | |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १० |
| २.२.१ | मास्लोको आवश्यकता श्रृङ्खलाको सिद्धान्त | १० |
| २.२.२ | अध्ययनको अवधारणात्मक खाका | १२ |
| २.३ | सम्बन्धित साहित्यहरुको उपादेयता | १२ |
| | **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ | अनुसन्धान ढाँचा | १४ |
| ३.२ | जनसंख्या र नमुना | १४ |

| | | |
|---|---|---|
| ३.२.१ | जनसंख्या | १४ |
| ३.२.२ | नमुनाको आकार | १५ |
| ३.२.३ | नमुना छनौट विधि | १५ |
| ३.३ | तथ्याङ्कको स्रोत | १५ |
| ३.३.१ | प्राथमिक स्रोत | १५ |
| ३.३.२ | द्वितीय स्रोत | १५ |
| ३.४ | तथ्याङ्क संकलनका साधनहरु | १६ |
| ३.४.१ | अन्तर्वार्ता अनुसूची | १६ |
| ३.४.२ | प्रश्नावली | १६ |
| ३.४.३ | लक्षित समूह छलफल | १६ |
| ३.४.४ | अवलोकन | १७ |
| ३.५ | तथ्याङ्क संकलन प्रक्रिया | १७ |
| ३.६ | तथ्याङ्क विश्लेषण प्रक्रिया | १७ |

## परिच्छेद चार : नतिजाको छलफल

| | | |
|---|---|---|
| ४.१ | छात्रवृत्ति वितरणको वर्तमान अवस्था | १८ |
| ४.१.१ | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण | १८ |
| ४.१.२ | छात्रवृत्ति वितरण गर्ने तरिका | २० |
| ४.१.३ | छात्रवृत्ति रकमको प्रयोगको अवस्था | २० |
| ४.१.४ | छात्रवृत्ति रकमको पर्याप्तता | २२ |
| ४.२ | छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभावका क्षेत्रहरु | २४ |
| ४.२.१ | छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीको कक्षागत सिकाइ उपलब्धि | २४ |
| ४.२.२ | छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको कक्षा नियमितता | २९ |
| ४.२.३ | कक्षा दोहोऱ्याउने दर | ३१ |
| ४.२.४ | विचैमा विद्यालय छाड्ने दर | ३३ |
| ४.२.५ | छात्रवृत्ति प्राप्त विद्यार्थीहरुका व्यवहारिक परिवर्तन | ३४ |

| | | |
|---|---|---|
| ४.३ | छात्रवृत्ति कार्यक्रमका समस्याहरु | ३६ |
| ४.४ | छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु | ४० |

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु**

| | | |
|---|---|---|
| ५.१ | निष्कर्ष | ४३ |
| ५.२ | सुझावहरु | ४६ |
| ५.२.१ | नीति निर्माण तह | ४७ |
| ५.२.२ | कार्यान्वयन तह | ४८ |
| ५.२.३ | अनुसन्धान तह | ४८ |

सन्दर्भ सामाग्री

अनुसूचीहरु

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधारभूत जग हो । अज्ञानरुपी अन्धकारलाई ज्ञानरुपी दियोले हटाउनका लागि शिक्षाको आवश्यकता पर्दछ । सचेत, सक्षम र दक्ष नागरिक निर्माण गर्ने प्रमुख कारक तत्व शिक्षा हो । शिक्षाले मानिसको आर्थिक तथा सामाजिक सुदृढीकरण गर्दै सीप , ज्ञान तथा अनुभवजन्य क्षमता हासिल गर्नमा सहयोग पु¥याउँछ । शिक्षाले व्यक्तिको व्यक्तित्व विकास गर्नुका साथै मुलुकका निम्ति अपरिहार्य उत्पादनशील , दक्ष , अनुशासित , देशभक्त र चरित्रवान नागरिक उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । व्यक्ति , समाज , राष्ट्र र समस्त विश्वकै विकासमा शिक्षाको सर्वोपरि महत्व रहेको हुन्छ भने देशको चौतर्फी विकासका लागि पनि शिक्षा एक महत्वपूर्ण साधनको रुपमा रहेको हुन्छ ।

सन् १९४८ डिसेम्वर  १० मा विश्वव्यापी मानव अधिकार घोषणा पत्र प्रकाशित भए पश्चात् विश्वभरिनै शिक्षालाई मानवीय जीवनको आधारभूत मौलिक अधिकारको रुपमा स्थापित गरियो । समयको परिवर्तन सँगसँगै हरेक महिलालाई शिक्षामा समान अधिकार दिलाउनुपर्छ भन्ने मान्यता  अनुरुप सबै पक्षहरुबाट समता सहितको गुणस्तरीय शिक्षाको माग अघि बढाउन थालियो । फलस्वरुप शिक्षामा समानता र गुणस्तरीयता भन्ने विश्वव्यापी नारालाई सार्थकता  प्रदान गर्दै सन् २००० को डकार सम्मेलनले सबैका लागि शिक्षा भन्ने नारा अगाडि सारेकोले सन् २०१५ सम्ममा सबै बालबालिकाहरुलाई विद्यालयको पहुँच भित्र ल्याउन विभिन्न कियाकलाप गरिदैं आइएको छ ।

शिक्षा प्राप्त गर्न पाउनु मानिसको जन्मसिद्ध अधिकार हो । शिक्षाको समान वितरण र विकासले कुनै  पनि राष्ट्रको समानुपातिक विकास हुन सक्दछ । शिक्षाको असमान वितरण र विकासले राष्ट्रको सर्वोपरि विकास हुन सक्दैन । सबै जातजाति , भाषा-भाषी वर्ग , वर्ण र समुदायका मानिसहरु शिक्षाको सहज पहुँचमा पुग्न सकेका छैनन् । जबसम्म मानिसलाई शिक्षाको मूल प्रवाहमा ल्याई सबैलाई समान रुपमा लाभान्वित तुल्याउन सकिदैन तबसम्म सचेत , समुन्नत र सु-संस्कृत समाजको परिकल्पना पनि गर्न सकिदैन । शिक्षाको असमान वितरणले गर्दा सामाजिक तथा आर्थिक विषमता पनि बढ्दै जाने सम्भावना प्रबल भएकाले

हालका वर्षहरुमा शिक्षामा समानता , निष्पक्षता र सहज पहुँच जस्ता कुराहरु महत्वपूर्ण रुपमा आइरहेका छन् ।

सबैका लागि शिक्षा र विकासका निम्ति शिक्षा भन्ने अवधारणालाई आत्मसात् गर्दै शिक्षालाई राष्ट्रको यथार्थसँग गाँसी उपलब्ध स्रोत र साधनको समुचित प्रयोगबाट मुलुकको विकासलाई अगाडि बढाउन सकिन्छ । हाम्रो जस्तो विकासोन्मुख देशका लागि शिक्षाको माध्यमद्वारा गरिबी निवारण गर्न खासगरी पहुँच र गुणस्तरका पक्षमा सम्बोधन गर्ने गरी विविध शैक्षिक कार्यक्रमहरु पनि संचालन हुँदै आएका छन् । जबसम्म शिक्षाको पहुँच सबै वर्ग र समुदायसम्म पुऱ्याउन सकिदैंन तबसम्म शिक्षामा समानता र गुणस्तरीयता भन्ने कुरा कोरा कल्पना र नारामा मात्र सिमित हुन पुग्छ ।

विश्वभरि नै शिक्षामा पहुँच र गुणस्तर वृद्धि गर्न आ-आफ्नो देशको आवश्यकता , वातावरणीय परिवेश , आर्थिक क्षमता अनुसारका विविध प्रयासहरु जारी रहेका छन् । "श्रीलंकामा विद्यालय तहदेखि विश्व विद्यालय तहसम्म नि : शुल्क पाठ्यपुस्तक, यातायातमा अनुदान , कक्षा १ मा अध्ययनरत बालबालिकाहरुलाई खाद्यान्न उपलब्ध गराउनुका साथै कमजोर आर्थिक अवस्था भएका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्ने गरिन्छ (अधिकारी ,ओझा र खकुरेल , २०६९ : ११ ) ।" त्यस्तै नेपालमा पनि सबैलाई शिक्षाको मूलप्रवाहमा समाहित गर्न विभिन्न शैक्षिक योजना र कार्यक्रमहरु लागु भई रहेका छन् । यस्ता कार्यक्रमका स्वरुप र प्रकृति पनि समय अनुसार फरक-फरक रहेका छन् । यस्ता कार्यक्रमहरु मध्ये छात्रवृत्ति पनि एक हो ।

नेपालको शैक्षिक इतिहासलाई अवलोकन गर्दा प्राचीन कालदेखि नै कुनै न कुनै किसिमको छात्रवृत्तिको व्यवस्था रहेको देखिन्छ । पौराणिक कालमा गुरुकुलमा बसेर नि : शुल्क शिक्षा लिने प्रचलन रहेको पाइन्छ भने लिच्छवी र मल्लकालमा पनि विभिन्न गुठीहरु संचालन गरी शिक्षार्थीहरुलाई भोजन र आवासको व्यवस्था गरेको पाइन्छ । राणाकालमा संस्कृत शिक्षा विभिन्न गुठीद्वारा संचालन भएको थियो भने वि.सं. १९४२ मा दरवार स्कुलमा भर्ना हुने सर्वसाधारण विद्यार्थीहरुलाई वार्षिक ९ मुरी धान र महिनाको ५ रुपैंया भत्ताको व्यवस्था गरिएको थियो । प्रधानमन्त्री वीर शमसेरले छोरा गेहेन्द्र शमसेर लगायत केहि व्यक्तिलाई छात्रवृत्ति दिंदै जापान तथा रेन्जर कोर्ष अध्ययन गर्न भारत पठाएका थिए । त्यसैगरी चन्द्र

शमसेरले त्रि-चन्द्र कलेजमा र दरबार हाइस्कूलमा पढ्ने जेहेन्दार विद्यार्थीका लागि रु.७०० र रु.३०० को कोष खडागरी किताब र खाजा दिने व्यवस्था गरेका थिए (भट्टराई ,२०७० ) । यी कुराहरुबाट राणाकालमा पनि कुनै न कुनै रुपमा छात्रवृत्ति अस्तित्वमा रहेको देखिन्छ ।

नेपालमा शिक्षाको आधुनिक काल २००७ मा सुरु भए पश्चात् पनि शिक्षा विकासका लागि विभिन्न आयोगहरु गठन भई गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था भइरहेको पाइन्छ । नीतिगत तहमा छात्रवृत्तिको अवधारणा नेपाल राष्ट्रिय शिक्षा आयोग ( २०११ ) बाट आएको पाइन्छ भने सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले छात्रवृत्तिको ठोस सुरुवातका लागि आवासीय विद्यालय खोल्न सुझाव प्रस्तुत गरेको थियो । त्यस्तै राष्ट्रिय पद्धतिको योजना (२०२८) पछि शिक्षामा महिलाको समान पहुँच कार्यक्रम अन्तर्गत महिला शिक्षक भर्ना सुरु गरियो । राष्ट्रिय शिक्षा आयोग (२०४९) ले सिमान्तकृत समुहका बालबालिकाहरुलाई मूलप्रवाहमा ल्याउनका लागि नीतिगत व्यवस्थाको महसुस गऱ्यो भने उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले मुख्य रुपमा महिलाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन जोड दिएको थियो । त्यस्तै सबैका लागि शिक्षा राष्ट्रिय योजना कार्यक्रम (२००१-२०१५) ले सर्वप्रथम दलित बालबालिकाको लागि छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरेको पाइन्छ भने अन्य त्रि-वर्षीय तथा पञ्च वर्षीय योजनाहले पनि विभिन्न छात्रवृत्ति कार्यक्रमका लागि सुझावहरु प्रस्तुत गरेका छन् । ती सुझावहरुमा छात्रा, दलित र शिक्षाको मूलधारबाट बन्चित गराइएका समूहका वालवालिकाहरुको पहुँचमा वृद्धि गरी प्राथमिक तहमा भर्ना वृद्धि गर्ने, गुणस्तरीयता वृद्धि गर्नुपर्ने, त्यसैगरी भोकमरी र कुपोषण भएका क्षेत्रका विद्यालयमा खाजा कार्यक्रम संचालन गर्नुपर्ने आदि थिए । तिनै सुझावहरु तथा योजनाहरुलाई मध्यनजर गर्दै सरकारले विभिन्न छात्रवृत्तिको व्यवस्था गरेको छ । हाल नेपालका सामुदायिक विद्यालयमा लोहार, सुनार, कामी, दमाई, सार्की, वादी, गाइने, वसाई, कुसुले, कुचे, च्यामे, पोडे, चमार, धोवी, पासवान, तत्मा, डोम, वातर, खत्वे, मुसहर, सन्थाल र हलखोर जातीका विद्यार्थीहरुलाई दलित छात्रवृत्ति, विद्यालयमा अध्ययनरत सबै छात्राहरुलाई छात्रा छात्रवृत्ति, विभिन्न आन्दोलनमा मारिएका शहिदका छोराछोरीका लागि छात्रवृत्ति, विभिन्न द्वन्द्वमा परेका वालवालिकाहरुलाई द्वन्द्व पीडित छात्रवृत्ति, हिमाली तथा फिडर छात्राबासका विद्यार्थीका लागि छात्रवृत्ति, नमुना विद्यालयका विद्यार्थीका लागि छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति, विभिन्न अपाङ्गता भएका वालवालिकाहरुलाई अपाङ्ग

छात्रवृत्ति, लोपोन्मुख तथा अति सिमान्तकृत वर्गका वालवालिकाहरुलाई दिइने छात्रवृत्ति जस्ता कार्यक्रमहरु संचालित छन् ।

## १.२ समस्याको कथन

शिक्षालाई मानिसको जन्मसिद्ध अधिकारको रुपमा लिइनुका साथै व्यक्ति विकासको मेरुदण्ड, समाज, विकासको प्रमुख ढोका र राज्यको परिवर्तन गराउने प्रमुख साधनको रुपमा लिइएको छ । वर्तमान विज्ञान र प्रविधिको युगमा मानिसहरुलाई समय सापेक्ष आधुनिक, वैज्ञानिक ज्ञान, सीप र अभिवृत्तिको विकास गराई उनीहरुलाई समय सापेक्ष समायोजित भएर बाँच्नका लागि पनि शिक्षाको आवश्यकता पर्दछ ।

विश्व समुदायले सन् २०१५ सम्ममा नि : शुल्क एवम् अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने प्रतिबद्धता " सबैका लागि शिक्षा " कार्यक्रमको डकार सम्मेलनले गरेझैं हाम्रो देशले पनि सो प्रतिबद्धता गरेको छ । सोही प्रतिबद्धता अनुरुप सबै बालबालिकाहरुलाई प्राथमिक शिक्षा प्रदान गर्न र सबैलाई शिक्षामा समान अवसर पुऱ्याउनका लागि विभिन्न छात्रवृत्ति कार्यक्रमहरु संचालन भईरहेका छन् । ती छात्रवृत्ति कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा विभिन्न अध्ययन अनुसन्धानहरु भएपनि सामुदायिक विद्यालयमा दलित छात्रवृत्ति कार्यक्रमलाई आधार बनाएर अहिलेसम्म अध्ययन अनुसन्धान गरेको तथ्य फेला नपरेकाले सामुदायिक विद्यालयमा दलित छात्रवृत्तिको अवस्था कस्तो छ ? छात्रवृत्ति कार्यक्रमसँग सम्बन्धित समस्याहरु के - के हुन् ? भन्ने प्रश्नमा केन्द्रित रहेर साथै राष्ट्रले दलित छात्रवृत्तिको नाममा करोडौं खर्च गरेको अवस्थामा त्यो खर्चको प्रभाव कस्तो छ ? उद्देश्य अनुसार भएको छ कि छैन भनी खोजि गर्न यो अध्ययन गरिएको हो ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनबाट छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन पक्षको यथार्थ चित्रण हुने भएकाले यस कार्यक्रमको मूल मर्मको बोध गर्न, सबै छात्रवृत्ति पाउने विद्यार्थी, अन्य विद्यार्थीहरु, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारी तथा अभिभावकहरुलाई सहयोग पुऱ्याउने छ ।

राष्ट्रले देशका सबै बालबालिकाहरुलाई शिक्षित बनाउन विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोमा यस दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता कस्तो छ ? यसले सिकाई उपलब्धिमा कस्तो प्रभाव पारेको छ ? यस कार्यक्रमका समस्याहरु के के हुन् ? यस्ता समस्याहरु हटाउन के के गर्नुपर्छ ? भन्ने बारेमा यस शोधमा अध्ययन गरिने भएकाले यस अध्ययनको औचित्य रहेको छ । यस अध्ययनबाट छात्रवृत्ति कार्यक्रमका सबल पक्ष तथा कमजोर पक्षहरु पहिचान गरी छात्रवृत्तिसँग सम्बन्धित प्रभावकारी नीति निर्माण गर्न, शैक्षिक योजना तयार गर्न, नीति निर्माता, दातृ निकाय, निरीक्षण तथा सुपरीवेक्षण गर्ने संघ संस्था एवम् सरोकारवालाहरुलाई महत्वपूर्ण आधार तथा सूचना प्रदान गर्ने हुनाले प्रत्येक जिल्ला शिक्षा कार्यालयहरुलाई वार्षिक शैक्षिक कार्यक्रमहरुको प्रवोधीकरण अन्तर्गत छात्रवृत्ति कार्यक्रम सम्बन्धमा छलफल चलाउन थप आधार पुग्ने भएकाले यस अध्ययनको औचित्य रहेकोछ ।

प्राथमिक तहमा विभिन्न छात्रवृत्ति प्रदान गरेपनि दलित भर्ना ५०% मात्र रहेको देखिन्छ ( शिक्षा विभाग २०१३ ) । दलित विद्यार्थी भर्ना वृद्धि गर्नको लागि समेत यस छात्रवृत्ति कार्यक्रमले कस्तो भूमिका खेल्नु पर्दछ भन्ने विषयमा समेत यस अनुसन्धानले सुझाव गर्ने भएकाले यस अध्ययनको औचित्य रहेको छ । सरकारले दलित छात्रवृत्तिको नाममा करोडौं खर्च गरेको अवस्थामा सो खर्चको प्रयोग कसरी भइरहेको छ भन्ने कुरा यस अध्ययनबाट पत्ता लाग्ने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नअनुसार रहेका छन् :

क) दलित छात्रवृत्ति कार्यक्रमको अवस्था पहिचान गर्नु ,

ख) दलित छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्नु ,

ग) दलित छात्रवृत्ति व्यवसथापन कार्यक्रमका समस्याहरु पत्ता लगाउनु र

घ) दलित छात्रवृत्तिलाई प्रभावकारी बनाउने उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनका मुख्य अनुसन्धानात्मक प्रश्नहरु निम्न रहेका छन् :

क) दलित छात्रवृत्ति कार्यक्रमको वर्तमान अवस्था के कस्तो रहेको छ ?

ख) दलित छात्रवृत्ति वितरण कसरी गरिएको छ ?

ग) दलित छात्रवृत्ति कार्यक्रमका असरहरु के के हुन् ?

घ) दलित छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

ङ) दलित छात्रवृत्ति कार्यक्रमका समस्याहरु के कस्ता छन् ?

च) दलित छात्रवृत्ति कार्यक्रमका मुख्य चुनौतिहरु के के हुन् ?

छ) दलित छात्रवृत्तिले के कस्ता कुरा समेटेको छैन ?

ज) दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न के कस्तो काम गर्नुपर्ला ?

झ) दलित छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न को जिम्मेवार हुनुपर्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनमा सीमित स्रोत , साधन र समय भएको कारणले नेपालको विद्यालयीय शिक्षामा लागु भइरहेका विभिन्न छात्रवृत्ति कार्यक्रमहरु मध्ये प्राथमिक तहको दलित छात्रवृत्ति कार्यकमलाई मात्र लिइएको छ भने यो अध्ययन ताप्लेजुङ्ग जिल्ला अन्तर्गत रहेका १४ वटा स्रोतकेन्द्रहरु मध्येबाट ताप्लेजुङ्ग नगरपालिका भित्र रहेको भानु जन उ.मा.वि. स्रोत केन्द्र अन्तर्गत रहेका २८ वटा विद्यालयहरु मध्ये ६ वटा विद्यालय, श्री भानु जन उ.मा.वि., श्री बाल सुबोधिनी उ.मा.वि., श्री मुढे प्रा.वि., श्री युवा वर्ष मा. वि., श्री महेन्द्र नि.मा.वि. र श्री बाँझोगरा नि.मा.वि. छनौट गरी यो अध्ययन गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरुको शैक्षिक सत्र २०७०/२०७१ को तथ्याङ्कलाई आधार मानी यो शोध प्रतिवेदन तयार गरिएको छ । अध्ययनका लागि अपनाइएका तथ्याङ्क सङ्कलनका साधनहरु प्रमाणीकरण गरिएको छैन भने अध्ययनबाट प्राप्त निष्कर्षलाई सर्वव्यापी रुपमा सामान्यीकरण गर्न सकिंदैन । नमुना छनौटमा परेका विद्यालयहरुलाई अनुसूची १ मा उल्लेख गरिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक स्वरुप

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि खोज तथा अनुसन्धानलाई व्यवस्थित रुपमा संचालन गरी सही निष्कर्ष निकाल्न सम्बन्धित क्षेत्रमा गरेका अनुसन्धान तथा सम्बन्धित सामग्रीहरुले आधार प्रदान गर्नेछन् । यस विद्यालयमा छात्रवृत्ति कार्यक्रम शीर्षकको शोधपत्र अनुसन्धानका क्रममा छात्रवृत्तिसँग सम्बन्धित निम्नलिखित अध्ययन प्रतिवेदन र शोधपत्रहरुको सामग्रीहरुको पुनरावलोकन गरिएको छ ।

शिक्षा विभाग (२०११) अनुसार विद्यालयमा दिइने छात्रवृत्ति औपचारिक कार्यक्रम नगरी दिने गरेको पाइएको थियो भने छात्रवृत्तिको वितरण विद्यालय पिच्छे फरक समयमा हुने गरेको पाइएको थियो । विद्यालयमा अध्ययनरत सबै बालिकाहरुले शिक्षण सिकाइ कृयाकलापमा सकृयरुपले सहभागी नभएपनि छात्रवृत्ति प्राप्त गर्ने भएकाले छात्राहरुको शैक्षिक कृयाकलापमा कमी आएको पाइएको थियो । सो प्रतिवेदन अनुसार छात्रवृत्ति देशभर लागु नगरिकन मानव विकास सूचकाङ्क र छात्रा सहभागिता कम भएका जिल्ला तथा गा.वि.स. हरुमा मात्र लागु गर्नुपर्ने , त्यसैगरी छात्रवृत्तिको रकम समय सापेक्ष बनाउनु पर्ने , केन्द्रिय सरकारको भर नपरी स्थानीय तहमा नै छात्रवृत्ति कोष स्थापना गर्नुपर्ने , गरिव बालबालिकाका अभिभावकहरुलाई उनीहरुको आधारभूत आवश्यकता परिपूर्तिको लागि विभिन्न सीप विकाश तालिमका साथै साना व्यापारिक उद्यम संचालन गर्न सहयोग गर्नुपर्ने सुझाव दिइएको थियो ।

शैक्षिक अनुसन्धान तथा सामाजिक विकाश केन्द्र (२०१०) ले गरेको अध्ययन अनुसार विद्यालयमा दिइने छात्रवृत्ति वितरणमा केन्द्रदेखि स्थानीय तहसम्म समन्वय हुन नसकेको साथै छात्रवृत्ति वितरण सामाजिक न्याय र छात्रवृत्तिको मूल मर्म अनुसार नभएको निष्कर्ष निकालिएको छ । सो अध्ययन प्रतिवेदनले विद्यालय सुधार योजनामा बालबालिकाहरुको छात्रवृत्ति आवश्यकताका बारेमा उल्लेख गर्नुपर्ने , गरिबीको आधारमा छात्रवृत्ति प्रदान गर्नुपर्ने , दलित , जेहेन्दार र सिमान्तकृत समुदायलाई छुट्टाछुट्टै आधार बनाएर छात्रवृत्ति प्रदान गर्नुपर्ने , त्यसैगरी जिल्ला शिक्षा अधिकारी , विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरुले प्रभावकारी भूमिका खेल्नुपर्ने कुरामा जोड दिएको छ ।

वस्ति (२०६६) का अनुसार प्राथमिक तहमा  लक्षित समुदायका लागि वितरण गरिएको छात्रा छात्रवृत्तिले विद्यार्थीको नियमितता, छात्राहरुको कक्षोतीर्ण अवस्था र सिकाइ उपलब्धिमा पार्ने प्रभावको बारेमा अध्ययन गरिएको थियो । उनको निष्कर्ष अनुसार प्राथमिक तहमा प्रदान गरिने छात्रा छात्रवृत्तिको कारण बालबालिकाहरुको भर्नादरमा वृद्धि भएको साथै छात्रवृत्ति पाउनेहरुको विद्यालय नियमितता अलि बढेको पाइएको थियो भने कक्षा छाड्ने दरमा खासै सुधार नभएको पाइएको थियो । समग्रमा सिकाइ उपलब्धि त्यति सन्तोषजनक रहेको थिएन । यसको मुख्य कारणमा पिछडिएको समुदाय तथा सुविधा विहिन र गरिब परिवार भएकाले खाने लाउने कुरामा नै समस्या रहेको र अभिभावकहरुले आफ्ना बालबालिकाहरुई सिकाइका लागि उपयुक्त वातावरण प्रदान गर्न नसक्नु रहेको थियो । सो अध्ययन प्रतिवेदनमा दलित समुदायलाई शैक्षिक चेतना अभिवृद्धि गर्न संचारका माध्यमहरुलाई व्यापक रुपमा प्रयोग गर्नुपर्ने , अन्य चेतना मूलक कार्यहरु संचालन गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघमा दलित समुदायको प्रतिनिधित्व गराउनु पर्ने, दलित समुदायमा घरदैलो कार्यक्रम गरी दलित समुदाय र विद्यालयसँग सम्बन्ध सुधार गर्नुपर्ने, छात्रवृत्ति प्रदान गर्दा आवश्यकतामुखी हुनुपर्ने, दलित विद्यार्थीहरुलाई विद्यालयका सहकृयाकलापहरुमा भागलिन उत्प्रेरित  गर्नुपर्ने, दलित शिक्षकको संख्या वृद्धि गर्नुका साथै दलित अभिभावकको आर्थिक अवस्था सुधार गर्न दलितका परम्परागत पेशालाई आधुनिकीकरण  गर्न तालिम र सीप विकासको लागि आर्थिक लगानि गर्नुपर्ने सुझावहरु प्रस्तुत गरिएको थियो ।

शर्मा (२०६६) को अध्ययनमा दलित बालबालिकाहरुले घरमा भाइ वहिनीको हेरचाह गर्नुपर्ने, दाउरा - घाँस गर्नुपर्ने, गाईवस्तु चराउनु पर्ने लगायतका बालश्रम गर्नुपर्ने कुराहरु उल्लेख गरिएको छ । दलित समुदायको घरपरिवारमा बोलिने भाषा विद्यालयमा कमजोर स्तरका मानिनुका साथै विद्यालयमा हुने सहकृयाकलापहरुमा दलित बालबालिकाको सहभागितामा कमी पाइएको थियो । विद्यालयबाट दिइएका आर्थिक अन्य सहुलियत तथा सुविधाहरु पनि शैक्षिक कार्यका लागि खर्च नगरी घरायसी कार्यमा खर्च गरेको पाइएको थियो भने दलित विद्यार्थीका अभिभावक र विद्यालयको सम्बन्ध पनि नजिक नरहेको पाइएको थियो । सो लेखमा छात्रवृत्ति लगायतका सेवा तथा सुविधा दलित भनि नतोकी

दलित भित्रको पनि आवश्यकता भएकोलाई मात्र लक्षित गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको थियो । विद्यालयका अतिरिक्त र सहकृयाकलापहरुमा दलित विद्यार्थीहरुको सहभागिता वृद्धि गर्नुपर्ने, दलित शिक्षकको संख्या वृद्धि गर्नुपर्ने, दलित अभिभावकको आर्थिक अवस्था सुधार गर्नुपर्ने, तालिम तथा सीप विकासको लागि आर्थिक लगानी गर्नुपर्ने सुझावहरु दिइएको थियो ।

दुलाल ( २०६७ ) ले तयार पार्नुभएको शोधपत्रमा  छात्रवृत्ति वितरण जातिका आधारमा नगरी आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका विपन्न तथा गरिव परिवारका वालवालिकाहरुलाई दिनुपर्ने साथै आर्थिक , सामाजिक , शैक्षिक तथा राजनैतिक रुपमा अगाडि रहेका कथित दलित जातिका वालवालिकाहरुलाई छात्रवृत्ति वितरण गर्दा विपन्न परिवारका गैऱ्ह दलित समुदायका वालवालिकाहरुमा मनोवैज्ञानिक , सामाजिक र संवेगात्मक असर पर्नगई उनीहरुको सृजनात्मक कृयाशीलता र रुचिमा कमी आउने उल्लेख गरिएको छ । दलित र गैऱ्ह दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरुमा चरम गरिबी , अशिक्षा , अन्धविश्वास , विद्यालयमा हुने राजनैतिक हस्तक्षेप , विद्यार्थीको विद्यालयमा हुने अनियमितता , व्यापार आदि औल्याइएको छ भने  दलित र गैऱ्ह दलित विद्यार्थीहरु विचमा देखिएको छात्रवृत्ति वितरणको विभेदीकरण अन्त्यका लागि सरकारले आयोग बनाएर ठोस नीति नियम बनाउनु पर्ने उल्लेख गरिएको छ ।

अधिकारी , ओझा र खकुरेल (२०६९) का अनुसार क्षेत्रीय रुपमा अध्ययन गर्दा मालदिभ्स , श्रीलंका र भारतमा पनि विद्यार्थीहरुलाई छात्रवृत्ति दिइएको पाइन्छ । मालदिभ्समा सबै बालिकाहरुलाई प्राथमिक र माध्यमिक शिक्षा नि :शुल्क दिइएको छ । त्यसै गरी श्रीलंकाको सरकारले पनि छात्रवृत्ति स्वरुप विद्यालयका प्राथमिक तहका बालबालिकाहरुलाई नि : शुल्क पाठ्यपुस्तक र खाजाको व्यवस्था गरेको पाइन्छ । त्यस देशमा विद्यालय तहदेखि विश्वविद्यालयसम्म  नि : शुल्क अध्ययन र पाठ्यपुस्तकको व्यवस्था गरेको पाइन्छ । उच्च शिक्षाका कक्षा दोहोऱ्याउने विद्यार्थीहरुका लागि विभिन्न तालिम , प्राविधिक एवम् व्यवसायिक शिक्षा प्रदान गर्ने व्यवस्था रहेको पाइन्छ । त्यस्तै हाम्रो छिमेकी देश भारतमा पनि विभिन्न छात्रवृत्ति दिने गरेको पाइन्छ । छात्रवृत्ति स्वरुप नगद र जिन्सी , खाजा जस्ता सबै कुराहरु विभिन्न प्रान्त अनुसार दिने गरेको छ । कतै मिड डे मिल योजना संचालनमा

छन् भने कतै छात्राहरुलाई कक्षा ८ पास पास गरे पश्चात साइकल दिने योजनाहरु समेत संचालनमा रहेको पाइन्छ ।

विभिन्न व्यक्तिहरुले गरेको अध्ययन अनुसन्धानमा छात्रवृत्तिले विद्यार्थीहरुको सिकाइमा सकरात्मक प्रभाव पारेको, उनीहरुलाई अध्ययन कार्यमा आवश्यक पर्ने सामग्रीहरुको व्यवस्थापन गर्न सहज भएको र विद्यार्थीको शैक्षिक गुणस्तरका साथै नियमिततामा वृद्धि भएको उल्लेख गरेको पाइन्छ । धेरै सकरात्मक प्रतिफलका बावजुद छात्रवृत्ति वितरणमा केही समस्या समेत उल्लेख गरेको पाइन्छ । ती साहित्यहरुको निष्कर्षमा छात्रवृत्ति वितरण कार्यलाई अझ बढी प्रभावकारी र व्यवस्थित बनाउँदै लैजान सकेमा विद्यालयका प्राथमिक तहका बालबालिकाहरुलाई आफ्नो अध्ययन कार्यमा सहयोग पुग्ने कुरा उल्लेख छ । यस शोध पत्र अध्ययनमा प्रयोग गरिएका सिद्धान्त र साहित्यको पुनरावलोकनबाट अध्ययनको निष्कर्षलाई व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

समाजमा रहेका विभिन्न समस्या अवसर र विषयवस्तुको कुनै न कुनै सिर्जनात्मक आधार हुन्छ, जसले अहिलेको विषयसंग जोड्ने गरी नयाँ रुप दिन्छ भने त्यसलाई सैद्धान्तिक खाका भनिन्छ । कुनैपनि अध्ययन तथा अनुसन्धान कुनै न कुनै निश्चित विश्वव्यापी मान्यता प्राप्त सैद्धान्तिक जगमा विकसित भएको हुन्छ । यस शोध अध्ययनको उद्देश्य प्राप्तिका लागि शोध कार्यलाई वस्तुगत तथा व्यवहारिक रुपमा अगाडि बढाउन अध्ययनको विषय प्रकृतिको गाम्भीर्यतालाई मध्यनजर गर्दै मास्लोको आवश्यकताको सिद्धान्तलाई आधार लिइएको छ ।


### २.२.१ मास्लोको आवश्यकता श्रृङ्खलाको सिद्धान्त

( कोईराला र श्रेष्ठ, २०६६ ) का अनुसार प्रसिद्ध अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले सन् १९४३ मा प्रतिपादन गरिएको सिद्धान्तलाई नै आवश्यकता सम्बन्धि सिद्धान्त भनिन्छ । उनका अनुसार मानिसमा प्रसस्त इच्छा, आवश्यकता र चाहनाहरु हुन्छन् । मानिसहरुका कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताहरुको पूर्णता भने कहिल्यै हुँदैन । जुन चाहना प्राप्तिका लागि मानिस उत्प्रेरित भई रहन्छन् । मानिसमा अप्राप्त चाहनाहरु

अनगिन्ति हुन्छन् जसलाई एक क्रमबद्धताको आधारमा छुट्टयाउन सकिन्छ । निम्न स्तरका आवश्यकता पूर्तिका पछि पनि प्राथमिक क्रमको आधारमा उच्च स्तरका आवश्यकता परिपूर्तिको लागि मानिस उत्प्रेरित हुँदै जान्छ भन्ने धारणा उनको रहेको थियो । उनले मानिसका आवश्यकताहरुलाई शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता तथा आत्म सन्तुष्टिको आवश्यकता गरी पाँच श्रेणीमा विभाजन गरेका थिए ।

विद्यालय क्षेत्रमा रहेका दलित वर्गका छात्र छात्राहरुमा अनगिन्ती आवश्यकताहरु हुन्छन् । यस्ता वर्गको शिक्षामा पहुँच पुग्न नसक्नुमा उनिहरुको न्यूनतम आधारभूत वस्तु तथा सेवा प्राप्त गर्न नसक्नु हो किनभने पिछडिएका तथा सिमान्तकृत वर्गका अभिभावकहरुले आफ्नो खाना, कपडा , बास आदिको उचित व्यवस्था गर्न नसक्नाले उनिहरुले आफ्ना बालबालिकाहरुका लागि न्यूनतम भएपनि शिक्षाको अवसर दिन तिर अग्रसर भएको पाइँदैन । तसर्थ आवश्यकता सम्बन्धि मास्लोको यो सिद्धान्तको पहिलो तहको आवश्यकता अनुसार दलित समुदायका बालबालिकाहरुका आवश्यकता पूरा गरी विद्यालय शिक्षाप्रति कति मात्रामा आकर्षण गरिरहेको छ भनी विश्लेषण गर्ने आधारका रुपमा यसलाई लिइएको छ ।

### २.२.२ अध्ययनको अवधारणात्मक खाका




## २.३ सम्बन्धित साहित्यहरुको उपादेयता

देशमा पिछडिएको, उत्पीडित, गरिब, सिमान्तकृत, तथा दलित बालबालिकाहरुलाई शिक्षाको मूल धारमा समाहित गरी राष्ट्रको शैक्षिक स्तर उकासेमा मात्र राष्ट्रमा शैक्षिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक उन्नति हासिल हुन सक्दछ । यस शोध पत्र अध्ययनको सैद्धान्तिक खाका प्रस्तुत गर्ने सिलसिलामा अध्ययन गरिएको मनोवैज्ञानिक मास्लोको आवश्यकता सम्बन्धि सिद्धान्त यस अध्ययनका लागि कोसेढुङ्गा सावित भएको छ ।

मास्लोको आवश्यकताको सिद्धान्त अनुसार मानिसहरुका आधारभूत आवश्यकताहरु पूरा भए पछि मात्र उ अन्य कुराहरुको परिपूर्ति गर्ने कार्यमा अग्रसर हुन्छ । दलित समुदायका बालबालिकाहरुमा खाने, लगाउने कार्यमा नै समस्या भई रहेको सन्दर्भमा विद्यार्थीहरुको अध्ययन कार्यले निरन्तरता नपाउने गर्दछ । यस समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्दा उनीहरुका अभिभावकहरुलाई आफ्नो बालबालिकाहरुको पढाइ खर्च जुटाउन सजिलो हुन्छ र बालबालिकाहरुको विद्यालयमा नियमिततामा वृद्धि हुन्छ , त्यस्तै सिकारुलाई अरु बढि कृयाशील भई सम्बन्धित विषयवस्तुप्रति आकर्षित गर्दछ ।

सम्बन्धित साहित्यहरुको अध्ययनबाट यस शोध अध्ययनका लागि मुख्य खुराक प्राप्त भयो । यी साहित्यहरुको अध्ययनबाट शोध अध्ययनको शिर्षक छनौट गर्न, पृष्ठभूमि थाहा पाउन, व्याख्या गर्न, समस्याको कथन स्पष्ट पार्न, अध्ययनको औचित्यता प्रस्ट पार्न, अध्ययनका उद्देश्यहरु उल्लेख गर्नका साथै अनुसन्धानात्मक प्रश्नहरु निर्माण गर्न र अध्ययनका परिसीमा उल्लेख गर्न सहयोग पुऱ्याए । यी साहित्यहरुको अध्ययनबाट अनुसन्धान ढाँचा निर्माण गर्न, तथ्यांक संकलनका प्रक्रियाको प्रयोग गर्न, अध्ययनका लागि जनसंख्याको छनौट गर्न, नमुना छनौट विधिको प्रयोग गर्न, तथ्यांक संकलनका साधनको प्रयोग तथा निर्माण गर्नका लागि सहयोग पुग्यो । यी साहित्यको अध्ययनबाट प्राप्त तथ्यांकहरुको प्रस्तुति, व्याख्या र विश्लेषण गर्नुका साथै प्राप्त निष्कर्षहरुलाई उल्लेख गर्न र सुझावहरु प्रस्तुत गर्न सहयोग पुऱ्याउनुका साथै क्षेत्रीय र अन्तराष्ट्रिय छात्रवृत्तिको चलन, प्रक्रिया र अवस्थाका बारेमा समेत जान्न सहयोग पुगेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

जुनसुकै विषय वा क्षेत्रको अध्ययन तथा अनुसन्धान गर्न निश्चित विधिको आवश्यकता पर्दछ । यो शोध अध्ययन मिश्रित ढाँचामा रहेको छ । अध्ययनका लागि क्षेत्र छनौट यस शोध अध्ययनका उद्देश्यहरु पूरा गर्न सम्भावना रहित नमुना छनौट अन्तरगत उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी नमुनाको छनोट गरियो । तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गरियो । प्राथमिक स्रोत अन्तरगत अन्तर्वार्ता , लक्षित समूह छलफल, प्रश्नावली तथा विद्यालयको स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त तथ्याङ्कहरु रहेका थिए भने द्वितीय स्रोतहरुमा विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक नीति नियम र अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, विद्यालयमा रहेका विभिन्न रेकर्ड फायलहरु तथा अभिलेखहरु रहेका थिए ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गुणात्मक तथा परिमाणात्मक दुवै विधि अनुसार मिश्रित ढाँचामा आधारित रहेको छ ।

## ३.२ जनसंख्या र नमुना

### ३.२.१ जनसंख्या

कुनै पनि विषयको अध्ययन गर्न निश्चित क्षेत्र र जनसंख्याको आवश्यकता पर्ने गर्दछ । शोध कर्ताको समय र लगानिको आधारमा सम्भव भएसम्म अध्ययनका लागि लामो समय र फराकिलो क्षेत्र लिनुपर्ने हुन्छ । सिमित समय, स्रोत, र साधनको कारणले गर्दा यस अध्ययनका लागि ताप्लेजुङ्ग जिल्ला शिक्षा कार्यालय अन्तरगत रहेका १४ वटा स्रोत केन्द्रहरुमध्ये ताप्लेजुङ्ग नगरपालिका भित्र रहेको श्री भानु जन उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अन्तरगतका २८ वटा सामुदायिक विद्यालयहरु, उक्त स्रोत केन्द्रका स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक, त्यस क्षेत्रका विद्यालय निरीक्षक, दलित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु तथा तिनका अभिभावकहरुलाई यो शोध अध्ययनको जनसंख्या मानिएको छ ।

### ३.२.२ नमुनाको आकार

यस अध्ययनका लागि सम्भावना रहित नमुना छनौट अन्तरगत उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी छनौट गरिएको जनसंख्यामा २८ वटा विद्यालय मध्ये ६ वटा विद्यालय, स्रोत व्यक्ति १ जना, सम्बन्धित विद्यालयका प्रधानध्यापक ६ जना, प्रत्येक विद्यालयबाट २/२ जना शिक्षक गरी १२ जना, दलित छात्रवृत्ति प्राप्त गर्ने प्राथमिक तहका विद्यार्थीहरु ३/३ जनाका दरले जम्मा १८ जना र तिनका अभिभावकहरु १/१ जना गरी १८ जना अभिभावक समेत जम्मा ५५ जनालाई नमुनाका रुपमा छनोट गरियो । उक्त नमुना जनसंख्यालाई अनुसूची २ मा राखिएको छ ।

### ३.२.३ नमुना छनोट विधि

यस शोध अध्ययनका उद्देश्यहरु पूरा गर्न सम्भावना रहित नमुना अन्तरगत उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी नमुनाको छनोट गरियो । सबै अभिभावक तथा विद्यार्थीहरुले यस शोध अध्ययनमा आवश्यक पर्ने सूचना तथा तथ्याङ्कहरु सजिलैसँग उपलब्ध गराउन नसक्ने भएकाले उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरिएको हो ।

## ३.३ तथ्याङ्कको स्रोत

यस अध्ययन कार्य सम्पन्न गर्न आवश्यक पर्ने तथ्याङ्क तथा जानकारी संकलनका लागि निम्नलिखित स्रोतहरुको उपयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनका क्रममा तथ्याङ्कको प्राथमिक स्रोत अन्तरगत अन्तर्वार्ता , लक्षित समूह छलफल, प्रश्नावली तथा विद्यालयको स्थलगत भ्रमण तथा अवलोकनबाट प्राप्त तथ्याङ्कहरु रहेका थिए ।

### ३.३.२ द्वितीय स्रोत

यस अध्ययनका क्रममा विभिन्न पुस्तक, लेख, रचना, शैक्षिक नीति नियम र अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, विद्यालयमा रहेका विभिन्न रेकर्ड फायलहरु तथा अभिलेखहरुबाट सहायक

तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

कुनै पनि विषयको अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि तथा विभिन्न किसिमका तथ्य तथा तथ्याङ्क प्राप्त गर्न निश्चित साधनहरुको आवश्यकता पर्दछ । यस शोध पत्र अध्ययनका क्रममा तथ्याङ्क संकलनका निम्ति निम्न साधनहरु प्रयोग गरिएका थिए ।

### ३.४.१ अन्तर्वार्ता अनुसूची

यस अध्ययनका क्रममा नमुना जनसंख्या भित्रका विद्यार्थी र अभिभावकहरुलाई अन्तर्वार्ता अनुसूचीको प्रयोग गरी अन्तर्वार्ता लिइएको थियो । जसलाई अनुसुची ३ र ४ मा समावेश गरिएको छ ।

### ३.४.२ प्रश्नावली

यस अध्ययनका लागि भएका नमुना जनसंख्या भित्रका स्रोत व्यक्ति, शिक्षक, प्रधानाध्यापकहरुलाई लिखित रुपमा प्रश्नावली निर्माण गरी तथ्याङ्क संकलन गरिएको थियो । ती प्रश्नावलीलाई अनुसूची ५ र ६ मा उल्लेख गरिएको छ ।

### ३.४.३ लक्षित समूह छलफल

यस अध्ययनका क्रममा थप सूचनाहरु प्राप्त गर्न छनौट भएका स्रोत व्यक्ति , प्रधानाध्यापक , शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुसँग व्यक्तिगत तथा सामुहिक छलफल गरियो भने छात्रवृत्ति प्राप्त गरिरहेका बालबालिकाहरुसँग पनि अन्तरकृया गरिएको थियो । छलफल र अन्तरकृयाका विषयहरुमा दलित बालबालिकाहरुको भर्ना स्थिति, छात्रवृत्ति वितरण प्रक्रिया, छात्रवृत्ति वितरण पश्चात विद्यार्थीहरुमा आएको परिवर्तन, छात्रवृत्ति कार्यक्रमका मुख्य समस्याहरु, छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु, छात्रवृत्ति वापतको रकमको खर्च गर्ने तरिका, छात्रवृत्ति वापतको रकमको पर्याप्तता आदि थिए भने लक्षित समूह छलफलमा विद्यार्थी, अभिभावक, शिक्षक, प्रधानाध्यापक तथा स्रोतव्यक्तिहरुको

उपस्थिति रहेको थियो । लक्षित समूह छलफलका लागि प्रस्तुत गरिएका प्रश्नावलिहरु अनुसूची ७ मा उल्लेख गरिएको छ ।

### ३.४.४ अवलोकन

यस अध्ययनका क्रममा तथ्याङ्क संकलनका लागि सम्बन्धित विद्यालयमा गएर विद्यार्थीहरुको व्यवहारको रुजुसूचीका आधारमा अवलोकन समेत गरिएको थियो । सो रुजुसूचीलाई अनुसूची ८ मा उल्लेख गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका क्रममा अनुसन्धानका लागि छनोट गरिएका तथ्याङ्क संकलनका साधनहरु कसरी प्रयोग गरी तथ्याङ्क संकलन गर्ने भन्ने कुराको सारनै तथ्याङ्क संकलन प्रक्रिया हो । यस शोध प्रस्ताव अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट अन्तरगतका नमुना जनसंख्यालाई अन्तर्वार्ता अनुसूची, बन्द तथा खुला प्रश्नावली अनुसन्धानकर्ता आफैंले दिएर तथ्याङ्क संकलन गरियो भने वि.व्य.स., शि.अ.सं. तथा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका साथै तिनका अभिभावकहरुसँग व्यक्तिगत तथा सामुहिक छलफल गरियो । यस अध्ययनका क्रममा विभिन्न दस्तावेजहरुको अध्ययन गर्दा सम्बन्धित क्षेत्रको स्थलगत अवलोकन तथा भ्रमण गरियो भने इन्टरनेटको समेत प्रयोग गरी तथ्याङ्कको संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवैको मिश्रित अनुसन्धान  भएकाले अनुसन्धान प्रश्नमा केन्द्रित रही नमुना छनोटमा पर्ने जनसंख्यासँग गरिएको अन्तर्वार्ता, भराइएका प्रश्नावली तथा छलफलबाट प्राप्त विभिन्न जानकारी जस्ता प्राथमिक स्रोत र अन्य सहायक स्रोतहरुबाट लिइएको तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समुहमा वर्गीकरण गरी व्याख्या विश्लेषण गरियो भने प्राप्त तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिकीकरण समेत गरिएको छ । प्राप्त तथ्याङ्कहरुलाई पूर्व स्थापित सिद्धान्त र साहित्यसँग जोड्दै व्याख्यात्मक, वर्णनात्मक तथा विवरणात्मक र सामान्य तथ्याङ्क शास्त्रीय शैलीको समेत विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

कुनै पनि अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष प्राप्त तथ्याङ्कको व्याख्या तथा विश्लेषण हो । यस परिच्छेदमा **प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम** सँग सम्बन्धित सरोकारवाला पक्षहरुसँग गरिएको छलफल, कुराकानी, प्रश्नोत्तर, अवलोकन तथा प्रत्यक्ष सूचनाहरुलाई अध्ययनको उद्देश्य अनुसारका शीर्षक प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ छात्रवृत्ति वितरणको वर्तमान अवस्था

यस शीर्षक अर्न्तगत विभिन्न उप शीर्षकहरु निर्माण गरी नमुना छनौटमा परेका विद्यालयहरुमा दलित बालबालिकाको संख्यात्मक स्थिति, छात्रवृत्ति वितरण गर्ने तरिका, छात्रवृत्ति वापतको रकमको प्रयोगको अवस्थाका साथै सो रकमको पर्याप्तताका बारेमा विश्लेषण गरिएको छ ।

### ४.१.१ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण

विद्यार्थीहरुको अध्ययन कार्यमा सहजता आओस भन्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । सो छात्रवृत्तिले विद्यालयमा विद्यार्थीहरुलाई आकर्षण गर्ने, उनीहरुको पढाइमा भएको आर्थिक संकटलाई थोरै भएपनि हटाउने गर्दछ भने विद्यार्थीलाई अध्ययन प्रति रुची जगाउने गर्दछ । त्यसैकारणले विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई विभिन्न प्रकारका छात्रवृत्तिहरु प्रदान गरिदै आइएको छ । त्यसै अर्न्तगत दलित जातिका कक्षा १ - ५ का विद्यार्थीहरुलाई छात्रवृत्ति वापत रु. ४०० दिने गरिन्छ । भानुजन उ.मा.वि. स्रोत केन्द्र अर्न्तगतका सामुदायिक विद्यालयहरु मध्ये नमुना छनौटमा परेका विद्यालयमा अध्ययनरत दलित जातिका विद्यार्थीहरुको विवरण निम्नानुसार रहेको छ ।

**तालिका १ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण**

| क.सं. | विद्यालय | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री भानुजन उ.मा.वि. | १४२ | १७१ | ३१३ | २२ | २२ | ४४ | १४.०६ |
| २. | श्री बाल सुवोधिनी सं.उ.मा.वि. | २३ | २१ | ४४ | ६ | ७ | १३ | २९.५५ |
| ३. | श्री मुढे प्रा.वि. | ३० | २९ | ५९ | ३ | २ | ५ | ८.४७ |
| ४. | श्री युवावर्ष मा.वि. | ४४ | ४५ | ८९ | ३ | ५ | ८ | ८.९८ |
| ५. | श्री महेन्द्र नि.मा.वि. | ५२ | ४४ | ९६ | १५ | १५ | ३० | ३१.२५ |
| ६. | श्री बाँफ्रोगरा नि.मा.वि. | ३९ | ४२ | ८१ | ८ | ५ | १३ | १६.०५ |
| | जम्मा | ३३० | ३५२ | ६८२ | ५७ | ५६ | ११३ | १६.५७ |

**स्रोत : विद्यालय अभिलेख** (२०७२)

नमुना छनौटमा परेका विद्यालयहरुमा रहेको विद्यार्थीको तथ्याङ्कलाई विश्लेषण गर्दा दलित विद्यार्थीको संख्या असमान रहेको पाइयो । कुनै विद्यालयमा ती विद्यार्थीहरुको संख्या न्यून रहेको पाइयो भने कुनैमा उच्च विद्यार्थी संख्या रहेको पाइयो । नमुना छनौटमा परेका सम्पूर्ण विद्यालयहरुको तुलना गर्दा औसत रुपमा १६.५७ प्रतिशत दलित छात्रवृत्ति पाउने वालवालिका रहेको पाइएको थियो । श्री भानुजन उ.मा.वि.मा अध्ययनरत ३१३ विद्यार्थीमध्ये ४४ जना अर्थात् १४.०६ प्रतिशत, श्री बा.सु.सं.उ.मा.वि. मा ४४ जना विद्यार्थी मध्ये १३ जना अर्थात् २९.५५ प्रतिशत दलित छात्रवृत्ति पाउने विद्यार्थी रहेका थिए । त्यसैगरी श्री मुढे प्रा.वि.मा ८.४७ प्रतिशत, श्री युवा वर्ष मा.वि. मा ८.९८ प्रतिशत, श्री महेन्द्र नि.मा.वि.मा ३१.२५ प्रतिशत र श्री बाँफ्रोगरा नि.मा.वि.मा १६.०५ प्रतिशत विद्यार्थीहरु दलित छात्रवृत्ति पाउने समुदायका पाइएको थियो ।

माथिको तालिकाको विश्लेषण गर्दा यस क्षेत्रमा दलित छात्रवृत्ति पाउने बालबालिकाको विद्यालयमा उपस्थिति राम्रै रहेको पाइयो भने तुलनात्मक रुपमा दलित छात्र र छात्राको संख्या झण्डै बराबरी रहेको पाइयो ।

### ४.१.२ छात्रवृत्ति वितरण गर्ने तरिका र समय

ताप्लेजुङ नगरपालिका भित्र रहेको यस भानुजन उ.मा.वि. अर्न्तगत नमुना छनौटमा परेका ६ वटा सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुमध्ये दलित जातिमा पर्ने सार्की (तोलाङ्ग), नेपाली (दमाई), कामी (बि. क., रसाइली) जस्ता बालबालिकाहरु अध्ययनरत रहेको पाइयो । विद्यालयको अवलोकन भ्रमणका क्रममा साथै प्र.अ. तथा शिक्षकहरुसँगको छलफलको क्रममा छात्रवृत्ति वितरणका लागि विद्यालयमा कुनै निश्चित समय तोकिएको पाइएन । भानुजन उ.मा.वि. तथा बा.सु.सं.उ.मा.वि. मा छात्रवृत्ति वितरण शैक्षिक सत्रको सुरुमा, मुढे प्रा.वि. तथा युवा बर्ष मा.वि.मा शैक्षिक सत्रको विचमा र अन्य विद्यालयमा शैक्षिक सत्रको अन्तमा छात्रवृत्ति वितरण गरेको पाइयो । विद्यालयमा छात्रवृत्ति वितरण कुनै औपचारिक कार्यक्रम विना नै प्राय सञ्चालन गर्ने गरिएको पाइएको थियो भने भानुजन उ.मा.वि. तथा बा.सु.सं.उ.मा. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको रोहवरमा अभिभावकलाई थाहै नदिई विद्यार्थीहरुलाई मात्र छात्रवृत्ति रकम दिने गरिएको पाइएको थियो । छात्रवृत्ति वितरण गर्ने तरिकाको विश्लेषण गर्ने क्रममा प्राय विद्यालयहरुमा कुनै औपचारिक कार्यक्रम र योजना विनानै छात्रवृत्ति वितरण गर्ने गरिएको पाइयो ।

### ४.१.३ छात्रवृत्ति रकमको प्रयोगको अवस्था

आर्थिक रुपमा गरिब, विपन्न, दलित तथा पिछडिएको समुदायलाई आफ्ना बालबालिकाहरुलाई विद्यालय शिक्षा प्रदान गर्न सजिलो बनाउने ध्येयका साथ छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको हुन्छ । आर्थिक अभावका कारण कसैले पनि विद्यालय शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने सबैको चाहना रहेको हुन्छ । छात्रवृत्ति बापतको रकम निम्नानुसारका शिर्षकहरुमा  खर्च हुने गरेको पाइयो ।

**तालिका २ छात्रवृत्ति रकम उपयोग गरिएका क्षेत्रहरु**

| क्र.सं. | छात्रवृत्ति उपयोगिताका क्षेत्रहरु | उत्तरदाताहरु | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी | | |
| १. | विद्यालय पोशाक | ५ | १० | १७ | १५ | ४७ | ८७.० |
| २. | कापी कलम | ५ | ८ | १३ | १७ | ४३ | ७९.६ |
| ३. | लुगा | २ | ५ | १ | ७ | १५ | २७.८ |
| ४. | पारिवारिक आवश्यकता | १ | ३ | २ | - | ६ | ११.१ |
| ५. | औषधी उपचार | - | २ | २ | - | ४ | ७.४ |
| ६. | टाइ जुत्ता | २ | ७ | ११ | ९ | २९ | ५३.७ |
| ७. | परीक्षा शुल्क | ४ | ९ | १३ | १७ | ४३ | ७९.६ |
| ८. | खाजा | १ | ६ | ५ | १० | २२ | ४०.७ |
| ९. | अन्य सामग्रीहरु | २ | ६ | ११ | १० | २९ | ५३.७० |

**स्रोत : स्थलगत सर्वेक्षण (२०७२)**

माथिको तालिकाको अध्ययन गर्दा छात्रवृत्तिको रकम विभिन्न शीर्षकमा खर्च गर्ने गरिएको पाइएको थियो । नमुना छनौटमा परेका ४७ जना अर्थात ८७.० प्रतिशतले सो रकम विद्यालयको पोशाक किन्नमा खर्च गरेको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा ५ जना प्र.अ., १० जना शिक्षक, १७ जना अभिभावक र १५ जना विद्यार्थी रहेका थिए । नमुना छनौटमा परेका उत्तरदाताहरु मध्ये ४३ जना अर्थात् ७९.६ प्रतिशतले छात्रवृत्ति वापतको रकम अध्ययन कार्यका लागि आवश्यक पर्ने कापी कलम किन्नमा खर्चहुने गरेको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा ५ जना प्र.अ., ८ जना शिक्षक, १३ जना अभिभावक र १७ जना विद्यार्थी रहेका थिए । उत्तरदाताहरु मध्ये १५ जना अर्थात् २७.८ प्रतिशतले छात्रवृत्ति वापतको रकम विद्यालय पोशाक वाहेकका अन्य लुगा किन्नमा खर्च हुने गरेको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा २ जना प्र.अ., ५ जना शिक्षक, १ जना अभिभावक र ७ जना विद्यार्थी रहेका थिए । उत्तरदाताहरु मध्ये ६ जना अर्थात् ११.१

प्रतिशतले छात्रवृत्ति वापतको रकम पारिवारिक आवश्यकतामा पनि खर्च गर्ने गरेको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा १ जना प्र.अ., ३ जना शिक्षक र २ जना अभिभावक रहेका थिए । उत्तरदाताहरु मध्ये ४ जना अर्थात् ७.४ प्रतिशतले छात्रवृत्ति वापतको रकम बालबालिकाहरुलाई औषधि उपचार गर्नमा खर्च गरेको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा २ जना शिक्षक र २ जना अभिभावक रहेका थिए ।

बालबालिकाहरुलाई आवश्यक पर्ने टाइ जुत्ता लगायतका सामाग्री खरिद गर्न छात्रवृत्ति वापतको रकम प्रयोग गर्ने गरेको जानकारी उत्तरदाताहरु मध्ये २९ अर्थात ५३.७ प्रतिशतले दिएका थिए । यसरी जानकारी दिनेहरुमा २ जना प्र.अ., ७ जना शिक्षक, ११ जना अभिभावक र ९ जना विद्यार्थीहरु रहेका थिए । उत्तरदाताहरु मध्ये ४३ जना अर्थात् ७९.६ प्रतिशतले छात्रवृत्ति वापतको रकम परीक्षा शुल्क तिर्न खर्च गरेको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा ४ जना प्र.अ., ९ जना शिक्षक, १३ जना अभिभावक र १७ जना विद्यार्थी रहेका थिए । बालबालिकाहरुलाई आवश्यक पर्ने खाजाको व्यवस्था गर्न छात्रवृत्ति वापतको रकम प्रयोग गर्ने गरेको जानकारी उत्तरदाताहरु मध्ये २२ अर्थात ४०.७ प्रतिशतले दिएका थिए । यसरी जानकारी दिनेहरुमा १ जना प्र.अ., ६ जना शिक्षक, ५ जना अभिभावक र १० जना विद्यार्थी रहेका थिए । यसैगरी उत्तरदाताहरु मध्ये २९ जना अर्थात् ५३.७० प्रतिशतले छात्रवृत्तिको रकमले अन्य सामाग्रीहरु किन्ने गरेको बताएका थिए ।

छात्रवृत्ति वापतको रकम बालबालिकाहरुको पठन पाठनको कामका लागि नै खर्च गरेको अधिकांशको जवाफ पाइयो । केहिले भने थोरै रकम अन्य घरायसी कामकाजमा समेत खर्च गरेको बताए । यसै विषयमा एक जना अभिभावकले भने छात्रवृत्ति वितरण गर्दा नै यो रकम बालबालिकाहरुको पढाइमा खर्च गर्नु पर्ने कुरा प्रधानाध्यापकले बताउने गरेको भनी नानीहरुले भन्ने गरेकोले आफुले यो रकम नानीहरुका लागि कापी, कलम, झोला तथा पोशाक किन्नमा नै खर्च गरेको छु ।

### ४.१.४ छात्रवृत्ति रकमको पर्याप्तता

दलित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु, उनीहरुका अभिभावक, शिक्षक तथा प्र.अ.हरुलाई हाल प्रदान गरिएको रकम पर्याप्त भए नभएको बारेमा जिज्ञासा राख्दा अधिकांशले सो रकम पर्याप्त नभएको बताएका थिए । यसरी प्राप्त भएका उत्तरहरुलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका ३ छात्रवृत्ति रकमको पर्याप्तताका विषयमा व्यक्त धारणाहरुको विवरण**

| क्र.सं. | उत्तरदाता | पर्याप्त छ | प्रतिशत | कम्तिमा १००० हुनुपर्ने | प्रतिशत | कम्तिमा १७०० हुनुपर्ने | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | विद्यार्थी | १ | ५.६ | ९ | ५० | ८ | ४४.४ | १८ |
| २. | अभिभावक | - | | १२ | ६६.६७ | ६ | ३३.३ | १८ |
| ३. | शिक्षक | - | | ७ | ५८.३ | ५ | ४१.७ | १२ |
| ४. | प्रधानाध्यापक | - | | ४ | ६६.६७ | २ | ३३.३ | ६ |
| | उत्तरदाताहरु | १ | १.८१ | ३२ | ५८.१८ | २१ | ३८.९ | ५४ |

**स्रोत : स्थलगत सर्वेक्षण** (२०७२)

माथिको तालिका अनुसार हाल प्रदान गरिदैं आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा व्यक्त गर्नेमा १ जना विद्यार्थीमात्र रहेका थिए । जम्मा विद्यार्थीहरु मध्ये ५० प्रतिशत अर्थात ९ जनाले छात्रवृत्ति वापतको रकम कम्तिमा पनि रु.१००० रुपैंया हुनुपर्ने धारणा व्यक्त गरेका थिए भने ८ जना अर्थात ४४.४ प्रतिशतले कम्तिमा १७०० हुनुपर्ने धारणा व्यक्त गरेका थिए । हाल प्रदान गरिदैं आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा कोहि पनि अभिभावकहरुले व्यक्त गरेनन् । अभिभावकहरु मध्ये १२ जना अर्थात ६६.७ प्रतिशतले कम्तिमा पनि १००० रुपैंया हुनुपर्ने धारणा व्यक्त गरेका थिए भने ६ जना अर्थात ३३.३ प्रतिशतले कम्तिमा पनि १७०० हुनुपर्ने राखेका थिए । हाल प्रदान गरिदैं आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा केहि पनि शिक्षकहरुले व्यक्त गरेनन् । शिक्षकहरु मध्ये ७ जना अर्थात ५८.३ प्रतिशतले कम्तिमा पनि १००० रुपैंया हुनुपर्ने धारणा व्यक्त गरेका थिए भने ५ जना अर्थात ४१.७ प्रतिशतले कम्तिमा १७०० हुनुपर्ने धारणा राखेका थिए । हाल प्रदान गरिदैं आएको छात्रवृत्ति वापतको रकम पर्याप्त भएको धारणा कोहि पनि प्रधानाध्यापकहरुले व्यक्त गरेनन् । प्र.अ.मध्ये ४ जना अर्थात ६६.७ प्रतिशतले कम्तिमा पनि १००० रुपैंया हुनुपर्ने धारणा व्यक्त गरेका थिए भने २ जना अर्थात ३३.३ प्रतिशतले १७०० हुनुपर्ने धारणा राखेका थिए ।

एकजना प्रधानाध्यापकले भने हाल प्रदान गरिदैं आएको दलित छात्रवृत्ति रकमले बालबालिकाहरुका लागि अत्यावश्यक शैक्षिक सामग्री एकपटक खरिद गर्न पनि पुग्दैन ।

त्यसैगरी अभिभावकहरुले पनि सो रकमले बालबालिकाहरुलाई आवश्यक पर्ने कापीकलम , पेन्सिल, झोला तथा विद्यालय पोशाक किन्न नपुग्ने बताए । तरपनि केहि सजिलो भने अवश्य भएको उनीहरुको प्रतिक्रिया थियो । महङ्गी दिनप्रतिदिन बढ्दै गएको छ तर छात्रवृत्ति वापतको रकम भने नबढेको उनिहरुको गुनासो छ । हाल प्रदान गरिदै आएको रकम कम भएको गुनासो गर्नेहरुलाई कति रकम प्रदान गर्नुपर्ला भनी जिज्ञासा राख्दा अधिकांशले कम्तिमा १००० रुपैंया हुनुपर्ने बताए भने केहिले प्रदान गरिदैं आएको रकमको दोब्बर हुनुपर्ने बताए । कम्तिमा १००० रुपैंया भए बालबालिकालाई आवश्यक पर्ने सामग्री सहित विद्यालय पोशाक र झोला किन्न पुग्ने अभिभावकहरुको भनाइ रहेको थियो ।

## ४.२ छात्रवृत्तिले सिकाइ उपलब्धिमा पारेको प्रभावका क्षेत्रहरु

छात्रवृत्ति कार्यक्रमले बालबालिकाहरुलाई आफ्नो अध्ययन कार्यमा उत्प्रेरणा प्रदान गर्दछ । आर्थिक रुपमा गरिब परिवारका बालबालिकाहरुलाई विद्यालय जान निरन्तरता प्रदान गर्ने, शैक्षिक उपलब्धीमा सुधार ल्याउने उद्देश्यका साथ छात्रवृत्ति प्रदान गरिन्छ । यहाँ दलित छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको कक्षागत सिकाइ उपलब्धि, दलित समुदायकै विद्यार्थीहरुको छात्रवृत्ति प्राप्त गर्दा र नगर्दाको सिकाइ उपलब्धि, कक्षा छोड्ने दर र कक्षा दोहोर्‍याउने दर का साथै विद्यालयमा नियमित उपस्थिति लगायतका विषयहरुको तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ छात्रवृत्ति पाएका र नपाएका विद्यार्थीको कक्षागत सिकाइ उपलब्धि

पाठ्यक्रमले तोकेका उद्देश्य अनुसार विद्यार्थीहरुले वर्ष भरीमा प्राप्त गरेका शैक्षिक उपलब्धिनै सिकाइ उपलब्धि हो । यसलाई विद्यार्थीहरुले वार्षिक परीक्षामा प्राप्त गरेको अंकको आधारमा गणना गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरुको प्राथमिक तहका दलित छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने अन्य विद्यार्थीहरुको कक्षागत औषत सिकाइ उपलब्धिको तुलना निम्नानुसार गरिएको छ ।

**तालिका ४ श्री भानुजन उ.मा.वि. मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | ६३.५५ | ६६.२३ | ६४.६१ | ६५.३३ |
| २ | ६१.४५ | ६२.५४ | ६०.२३ | ६२.९३ |
| ३ | ६५.०० | ६२.५१ | ५९.३३ | ६०.१० |
| ४ | ६१.८७ | ५२.४३ | ५८.४२ | ६०.८४ |
| ५ | ५५.७९ | ५२.६४ | ५२.४७ | ५०.५१ |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

श्री भानुजन उ.मा.वि.मा शैक्षिक सत्र २०७० र २०७१ मा छात्रवृत्ति नपाउने र छात्रवृत्ति पाउने विद्यार्थीहरुको विगत दुई वर्षको सिकाइ उपलब्धिको तुलना गर्दा प्राथमिक तहका सबै कक्षाहरुमा छात्रवृत्ति प्राप्त नगर्ने अन्य विद्यार्थीहरुको शैक्षिक उपलब्धि राम्रो रहेको पाइयो । अघिल्लो शैक्षिक सत्रको तुलनामा पछिल्लो शैक्षिक सत्रमा सबै कक्षाहरुमा दुबै प्रकारको विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा सुधार आएको पाइयो । तर तुलनात्मक रुपमा दलित विद्यार्थीहरुको उपलब्धि भने कम रहेको पाइयो यसका कारणहरुमा अभिभावकहरुको चेतना स्तर, आर्थिक अवस्था आदि रहेको पाइयो ।

**तालिका ५ श्री बालसुबोधिनी संस्कृत उ.मा.वि.मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | ५५.६० | ५१.३४ | ५२.८७ | ५३.२२ |
| २ | ४८.३० | ५१.९० | ४७.९० | ४९.७३ |
| ३ | ५०.०० | ५१.४३ | ५१.३३ | ५५.१२ |
| ४ | ५३.९८ | ५२.६० | ५०.४१ | ५५.१० |
| ५ | ४८.१२ | ५२.६१ | ४४.९० | ४६.७१ |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

माथिको तालिकाको अध्ययन गर्दा यस श्री बाल सुबोधनी सं.उ.मा. विद्यालयमा अध्ययनरत दलित र गैऱ्ह दलित विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धिको तुलना गर्दा मिश्रित नतिजा पाइयो । कुनै कक्षामा दलित बालबालिकाको सिकाइ उपलब्धि बढी भएको पाइयो । शैक्षिक सत्र २०७० मा कक्षा तीन बाहेक सबै कक्षाहरुमा गैऱ्ह दलित विद्यार्थीहरुको उपलब्धि बढी पाइयो । शैक्षिक सत्र २०७१ मा भने कक्षा १ र ४ का दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि बढी भएको पाइएको थियो भने कक्षा ५ मा दुबैको बिचमा धेरै अन्तर रहेको पाइयो ।

**तालिका ६ श्री मुढे प्रा.वि.मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | ४३.५६ | ४५.२२ | ४०.८० | ४३.१२ |
| २ | ४५.६० | ४६.७६ | ४२.१९ | ४४.९० |
| ३ | ४६.७६ | ४६.८९ | ४४.६४ | ४५.२३ |
| ४ | ४८.११ | ४६.२० | ४५.१९ | ४५.४५ |
| ५ | ४५.८२ | ४६.१७ | ४५.९० | ४६.०० |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

यस विद्यालयमा पनि अन्य विद्यालयहरुमा जस्तै दलित विद्यार्थीहरुको भन्दा अन्य विद्यार्थीहरुको सिकाइ उपलब्धि तुलनात्मक रुपमा राम्रो रहेको पाइयो । शैक्षिक सत्र २०७० मा कक्षा ५ मा दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि केही बढी पाइएको भए पनि अन्य कक्षाहरुमा गैऱ्ह दलित विद्यार्थीहरुको उपलब्धि नै राम्रो रहेको पाइयो । शैक्षिक सत्र २०७१ मा भने सबै कक्षाहरुमा गैऱ्ह दलित विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि उच्च रहेको पाइयो । साथै दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि पनि अघिल्लो शैक्षिक सत्रमा भन्दा वृद्धि भएको पाइयो । अन्य विद्यार्थीहरुको सिकाइ उपलब्धि बढि हुनुमा अध्ययनका लागी घरमा उचित वातावरण प्राप्त हुनु, अभिभावकको आर्थिक स्तर तथा विद्यार्थीको व्यक्तिगत विभिन्नता आदि रहेका थिए ।

**तालिका ७ श्री युवावर्ष मा.वि.मा. अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी र नपाउने विद्यार्थीको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | ४४.७६ | ४५.९० | ४३.२२ | ४३.९६ |
| २ | ४८.९८ | ४७.३० | ४५.३४ | ४६.११ |
| ३ | ४५.६२ | ४७.६१ | ४६.७८ | ४७.२१ |
| ४ | ५३.२१ | ५३.११ | ५०.१३ | ५०.३४ |
| ५ | ४७.१२ | ४९.५० | ४५.३२ | ४६.२३ |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

यस श्री युवावर्ष मा.वि. मा शैक्षिक सत्र २०७० मा कक्षा तीनमा बाहेक अन्य सबै कक्षाहरुमा दलितको तुलनामा अन्यको सिकाइ उपलब्धि उच्च रहेको थियो । त्यस्तै शैक्षिक सत्र २०७१ मा सबै कक्षाहरुको कक्षागत सिकाइ उपलब्धि अन्यको तुलनामा दलित विद्यार्थीहरुको कम रहेको पाइयो । यसरी यस विद्यालयमा पनि दलित विद्यार्थीहरु अन्यको तुलनामा अध्ययन कार्यमा पछि रहेको जानकारी पाइयो ।

**तालिका ८ श्री महेन्द्र नि.मा.वि. मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | **२०७०** | **२०७१** | **२०७०** | **२०७१** |
| १ | ४५.९० | ५४.६१ | ४०.८० | ४८.२३ |
| २ | ४७.३० | ५०.२३ | ४२.१९ | ४५.९० |
| ३ | ४७.६१ | ५९.३३ | ४४.६४ | ५४.७६ |
| ४ | ५३.११ | ५८.४२ | ४५.१३ | ४९.३८ |
| ५ | ४९.५० | ५२.४७ | ४५.९१ | ४७.६६ |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

श्री महेन्द्र नि.मा. विद्यालयको विगत वर्षहरुको कक्षागत सिकाइ उपलब्धिको विश्लेषण गर्दा दलित र गैऱ्ह दलित विद्यार्थीहरुका बिचमा धेरै अन्तर रहेको पाइयो । शैक्षिक सत्र २०७१ मा कक्षा ४ मा अध्ययनरत दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि ४९.३८ रहेकोमा गैऱ्ह दलितहरुको सिकाइ उपलब्धि लगभ १० अङ्कले वृद्धि भएको पाइएको थियो भने अन्य कक्षाहरुमा पनि दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि र गैऱ्ह दलित विद्यार्थीहरुको सिकाइ उपलब्धिमा लगभग ५ अङ्कको हाराहारीमा अन्तर रहेको पाइयो ।

**तालिका ९ श्री बाँझोगरा नि.मा.वि.मा अध्ययनरत छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी र छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको कक्षागत सिकाइ उपलब्धि**

| कक्षा | छात्रवृत्ति नपाउनेको सिकाइ उपलब्धि | | छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि | |
|---|---|---|---|---|
| | २०७० | २०७१ | २०७० | २०७१ |
| १ | ४०.८० | ४४.७६ | ४२.८७ | ४३.२२ |
| २ | ४२.१९ | ४८.९८ | ४५.९० | ४५.३४ |
| ३ | ४४.६४ | ४५.६२ | ४५.३३ | ४६.७८ |
| ४ | ४५.१९ | ५३.२१ | ४२.४१ | ४४.९४ |
| ५ | ४५.९० | ४७.१२ | ४४.९२ | ४५.३२ |

**स्रोत : विद्यालय अभिलेख** (२०७१)

यस विद्यालयमा शैक्षिक सत्र २०७० मा दलित छात्रवृत्ति पाउने बालबालिकाहरुको कक्षागत सिकाइ उपलब्धि अन्यको तुलनामा राम्रो रहेको पाइयो । कक्षा ४ र ५ बाहेक अन्य कक्षाहरुमा उनीहरुको सिकाइ उपलब्धि उच्च रहेकोमा शैक्षिक सत्र २०७१ मा भने कक्षा ३ मा मात्र दलित विद्यार्थीको सिकाइ उपलब्धि राम्रो रहेको र बाँकी कक्षाहरुमा भने गैऱ्ह दलित विद्यार्थीहरुको सिकाइ उपलब्धि उच्च रहेको पाइयो । केही कक्षाहरुमा त दुई विचको शैक्षिक उपलब्धि निकै अन्तर रहेको पाइयो ।

समग्रमा छ वटा विद्यालयहरुको विगत दुई वर्षको सिकाइ उपलब्धिको विश्लेषण गर्दा मिश्रित नतिजा पाइयो । कुनै विद्यालयमा कुनै वर्ष छात्रवृत्ति पाएका विद्यार्थीको सिकाइ उपलब्धि वढि भएको पाइयो भने कुनै विद्यालयमा कुनै वर्ष छात्रवृत्ति नपाएका विद्यार्थीको सिकाइ उपलब्धि वढि भएको पाइयो । त्यस्तै एकै वर्षमा पनि कतै छात्रवृत्ति पाएका

विद्यार्थीको सिकाइ उपलब्धि वढि भएको पाइयो भने कतै  छात्रवृत्ति नपाएका विद्यार्थीको सिकाइ उपलब्धि वढि भएको पाइयो । छात्रवृत्तिका कारणले मात्र विद्यार्थीको क्षमतामा वृद्धि हुने नभई विद्यार्थीको व्यक्तिगत विभिन्नता, अभिभावकको शैक्षिक तथा आर्थीक स्तर, घरायसी वातावरण, समाज, साथी संगतका साथै शिक्षकको शिक्षण कलाकौशलले पनि विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पारेको पाइयो ।

### ४.२.२ छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको कक्षा नियमितता

विद्यार्थीहरु नियमित रुपमा विद्यालयमा उपस्थित भएर पठनपाठन कार्यमा संलग्न भएमा उनीहरुको शैक्षिक उपलब्धि पनि राम्रो हुन्छ । विद्यार्थीहरु विद्यालयमा नियमित उपस्थित हुने कार्यमा धेरै कुराहरुले असर पुऱ्याएको हुन्छ । त्यस मध्ये छात्रवृत्ति पनि एक महत्वपूर्ण कारण हो । नमुना छनौटमा परेका विद्यालयहरुमा जम्मा अध्यापन भएको दिन र दलित छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरुको औषत उपस्थिति निम्नानुसार रहेको पाइयो ।

**तालिका १० दलित समुदायका बालबालिकाहरुको विद्यालयमा उपस्थिति**

| क्र. सं. | विद्यालयको नाम | विद्यालय खुलेको दिन | पढाइ भएको दिन | छात्रवृत्ति पाउनेको औसत उपस्थिति | छात्रवृत्ति नपाउनेको औसत उपस्थिति |
|---|---|---|---|---|---|
| १ | श्री भानु जन उ.मा.वि. | २२० | १८० | १५६(८६.७) | १५५(८६.१) |
| २ | श्री बा.सु.सं.उ.मा.वि. | २२० | १७८ | १६१(९०.४) | १६०(८९.९) |
| ३ | श्री मुढे प्रा.वि. | २२० | १८० | १६५(९१.७) | १६२(९०.०) |
| ४ | श्री युवा वर्ष मा.वि. | २२० | १८१ | १५९(८८.३) | १६२(८९.५) |
| ५ | श्री महेन्द्र नि.मा.वि. | २२० | १७७ | १६०(९०.४) | १५८(८९.३) |
| ६ | श्री बाँभ्फोगरा नि.मा.वि. | २२० | १८० | १६७(९२.८) | १६५(९१.६) |
| औसत | | २२० | १७९ | १६१(८९.९) | १६०(८९.४) |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

श्री भानुजन उ.मा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८० दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा दलित छात्रवृत्ति पाउने विद्यार्थीहरुको औषत

विद्यालय उपस्थिति १५६ दिन अर्थात ८६.७ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १५५ दिन अर्थात ८६.१ प्रतिशत रहेको पाइयो त्यसैगरी श्री बाल सुबोधनी संस्कृत उ.मा.वि.मा जम्मा २२० दिन विद्यालय संचालन भएकोमा १७८ दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा दलित छात्रवृत्ति पाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६१ दिन अर्थात ९०.४ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६० दिन अर्थात ८९.९ प्रतिशत पाइयो । श्री मुढे प्रा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८० दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा दलित छात्रवृत्ति पाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६५ दिन अर्थात ९१.७ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६२ दिन अर्थात ९०.० प्रतिशत रहेको पाइयो । श्री युवावर्ष मा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १८१ दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा दलित छात्रवृत्ति पाउने विद्यार्थीको औषत विद्यालय उपस्थिति १५९ दिन अर्थात ८८.३ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने , विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६२ दिन अर्थात ८९.५ प्रतिशत रहेको पाइयो । श्री महेन्द्र नि.मा.वि.मा जम्मा २२० दिन विद्यालय खुलेकोमा १७७ दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा दलित छात्रवृत्ति पाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६० दिन अर्थात ९०.४ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १५८ दिन अर्थात ८९.३ प्रतिशत रहेको पाइयो । बाँफ्रोगरा नि.मा.वि. जम्मा २२० दिन विद्यालय खुलेकोमा १८० दिन अध्यापन कार्य संचालन भएको पाइयो । सो विद्यालयमा दलित छात्रवृत्ति पाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६७ दिन अर्थात ९२.८ प्रतिशत रहेको र छात्रवृत्ति नपाउने विद्यार्थीहरुको औषत विद्यालय उपस्थिति १६५ दिन अर्थात ९१.६ प्रतिशत रहेको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयहरुको औषत विद्यालय खुलेको दिन २२० भएपनि अध्यापन कार्य भएको दिन भने औषत १७९ रहेको छ । सबैभन्दा बढी पढाइ श्री युवावर्ष मा.वि.मा र कम पढाइ श्री महेन्द्र नि.मा.वि.मा भएको पाइयो । शैक्षिक सत्र २०७१ मा दलित विद्यार्थीहरुको औषत विद्यालयमा उपस्थिति अन्यको भन्दा बढी रहेको पाइयो । अधिकांश विद्यालयको तथ्याङ्क विश्लेषण गर्दा दलित विद्यार्थीहरुको उपस्थिति अन्यको भन्दा बढी पाइएको थियो । यस्तो सकरात्मक परिवर्तन आउनुको प्रमुख कारण दलित छात्रवृत्ति प्राप्त

गर्नु रहेको पाइएको थियो । छात्रवृत्ति पाउनेहरु मध्ये सबैभन्दा बढी उपस्थिति श्री बाँझोगरा नि.मा.वि.को र छात्रवृत्ति नपाउनेमा पनि सोहि विद्यालयको उपस्थिति बढी रहेको पाइयो । छात्रवृत्ति प्राप्त गर्नु अघिसम्म दलित समुदायका बालबालिकाहरुको न्युन उपस्थिति दरमा सुधार आएको जानकारी प्रधानाध्यापक तथा शिक्षकहरुले दिएका थिए ।

### ४.२.३ कक्षा दोहोऱ्याउने दर

दलित छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुको बिचमा कक्षा दोहोऱ्याउने दरमा खासै भिन्नता पाइएन । कक्षा शिक्षकहरुले दिएको जानकारी अनुसार प्राथमिक तहमा उदार कक्षोन्नती लागु गरिएका कारण स्वभाविक रुपमा कक्षा दोहोऱ्याउने दर न्युन रहेको छ । दलित बालबालिकाहरु विद्यालय नियमित रुपमा आउने गरेका र घरमा गएपछि अध्ययन तथा गृहकार्य गर्ने कार्यमा प्रगति भएको जानकारी प्राप्त भयो । अधिकांश अभिभावकहरु आफ्ना बालबालिकाहरुलाई माथिल्लो कक्षासम्म अध्यापन गराउने भन्दा पनि छात्रवृत्ति पाउञ्जेल सम्म पढाउने र छात्रवृत्ति पाउन छोडेपछी बालबालिकाहरुलाई विद्यालय पठाउने कार्यको पनि अन्त्य गर्नु पर्ने वाध्यता भएको बताउँछन् । नमुना छनौटमा परेका विद्यालयहरुको प्राथमिक तहको कक्षा दोहोऱ्याउने दर निम्नानुसार रहेको पाइयो ।

**तालिका ११ प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको विवरण**

| कक्षा | विद्यालयको नाम | कक्षा दोहोऱ्याउने विद्यार्थीको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७० | | | २०७१ | | |
| | | जम्मा | दलित | प्रतिशत | जम्मा | दलित | प्रतिशत |
| १. | श्री भानुजन उ.मा.वि. | ४ | २ | ५० | ३ | २ | ६६ |
| २. | श्री बा.सु.सं.उ.मा.वि. | ३ | - | - | २ | - | - |
| ३. | श्री मुढे प्रा.वि. | ४ | १ | २५ | ४ | १ | २५ |
| ४. | श्री युवावर्ष मा.वि. | ३ | १ | ३३.३ | २ | - | - |
| ५. | श्री महेन्द्र नि.मा.वि. | ५ | २ | ४० | ३ | १ | ३३.३ |
| ६. | श्री बाँझोगरा नि.मा.वि. | ६ | २ | ३३.३ | ३ | १ | ३३.३ |
| **जम्मा** | | **२५** | **८** | **३२** | **१७** | **५** | **२९.४** |

**स्रोत : विद्यालय अभिलेख (२०७१)**

श्री भानुजन उ.मा.वि.को शैक्षिक सत्र २०७० मा कक्षा दोहोऱ्याउने जम्मा विद्यार्थीहरुको संख्या ४ रहेकोमा दलित समुदायका २ जना अर्थात ५० प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । त्यसैगरी शैक्षिक सत्र २०७१ मा ३ जनाले कक्षा दोहोऱ्याएकोमा २ जना अर्थात ६६.६६ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएको पाइयो । श्री बाल सुबोधिनी संस्कृत उ.मा.वि.को शैक्षिक सत्र २०७० मा कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको संख्या ३ रहेकोमा दलित समुदायका कोहि पनि विद्यार्थीहरुले कक्षा दोहोऱ्याएको पाइएन । त्यसैगरी शैक्षिक सत्र २०७१ मा २ जनाले कक्षा दोहोऱ्याएकोमा दलित समुदायका कसैले पनि कक्षा दोहोऱ्याएनन् । श्री मुढे प्रा.वि.को शैक्षिक सत्र २०७० मा कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्या ४ रहेकोमा दलित समुदायका १ जना अर्थात २५ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए भने शैक्षिक सत्र २०७१ मा कक्षा दोहोऱ्याउनेको संख्या ४ रहेकोमा दलित विद्यार्थीको कक्षा दोहोऱ्याउने दर २५ प्रतिशत नै थियो । श्री युवावर्ष मा.वि.मा शैक्षिक सत्र २०७० मा ३ जना दोहोऱ्याउने विद्यार्थीहरुमध्ये दलित समुदायका १ जना अर्थात् ३३.३३ विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए । त्यसैगरी शैक्षिक सत्र २०७१ मा जम्मा २ जनाले कक्षा दोहोऱ्याएकोमा कोहि पनि दलित विद्यार्थीले कक्षा दोहोऱ्याएनन् । श्री महेन्द्र नि.मा.वि.मा शैक्षिक सत्र २०७० मा ५ जना विद्यार्थीले कक्षा दोहोऱ्याएकोमा २ जना दलित समुदायका अर्थात् ४० प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए । त्यसैगरी शैक्षिक सत्र २०७१ मा ३ जना मध्ये १ जना अर्थात् ३३.३३ प्रतिशत दलित विद्यार्थीहरुले कक्षा दोहोऱ्याएका थिए । त्यस्तै श्री बाँझोगरा नि.मा.वि.मा शैक्षिक सत्र २०७० मा जम्मा ६ जनाले कक्षा दोहोऱ्याएकोमा २ जना अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए भने शैक्षिक सत्र २०७१ मा कक्षा दोहोऱ्याउनेको संख्या ३ भएकोमा १ जना दलित समुदायका विद्यार्थी अर्थात् ३३.३३ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए ।

शैक्षिक सत्र २०७०/०७१ को नमुना छनौटमा परेका विद्यालयको प्रा.वि. तहको कक्षा दोहोऱ्याउने विद्यार्थीहरुको दर विद्यालय पिच्छे फरक फरक रहेको पाइयो । छनौटमा परेका विद्यालयहरु मध्ये श्री बाल सुबोधिनी संस्कृत उ.मा.वि.मा दलित विद्यार्थीहरुको कक्षा दोहोऱ्याउने दर शून्य रहेको पाइयो । श्री भानुजन उ.मा.वि. र श्री महेन्द्र नि.मा.वि. मा भने कक्षा दोहोऱ्याउने दलित विद्यार्थीहरुको दर अन्य विद्यालयको तुलनामा बढि रहेको पाइयो । अघिल्लो शैक्षिक सत्रको तुलनामा पछिल्लो शैक्षिक सत्रमा कक्षा दोहोऱ्याउने दरमा कमी आएको पाइयो । अन्य विद्यालयमा मात्र न्यून संख्यामा कक्षा दोहोऱ्याउने विद्यार्थीहरु रहेको

पाइयो । यसरी समग्रमा हेर्दा दलित छात्रवृत्तिले प्राथमिक तहमा यस समुदायका बालबालिकाहरुलाई अध्ययन कार्यमा उत्प्रेरणा प्रदान गरेको छ । नमुना छनौटमा परेका विद्यालयमा दलित समुदायका बालबालिकाहरुको कक्षा दोहोऱ्याउने दरमा कमि आएको पाइयो । विद्यालयका प्रधानाध्यापकहरुले दिएको जानकारी अनुसार यो छात्रवृत्ति प्रदान गर्नु पहिले दलित समुदायका अधिकांश विद्यार्थीहरु अध्ययन कार्यमा औपचारीकताका लागि लाग्ने गरेका पाइन्थ्यो भने हाल विद्यार्थीहरु अध्ययन कार्यमा मेहनत साथ लाग्ने गरेको पाइन्छ । फलस्वरुप विद्यार्थीहरुको कक्षा उतिर्ण हुने दरमा प्रसस्तै सुधार आएकाले कक्षा दोहोऱ्याउने दरमा कमि आएको छ ।

### ४.२.४ विचैमा विद्यालय छाड्ने दर

एक वर्ष भित्रमा भर्ना भएका जम्मा विद्यार्थीहरु मध्ये कक्षा छोडेर अर्थात पढाइ छोड्ने विद्यार्थीहरुको संख्यानै विचैमा विद्यालय छाड्ने दर हो । नमुना छनौटमा परेका विद्यालयहरुको विचैमा कक्षा छाड्ने दरलाई तालिकामा निम्नानुसार देखाइएको छ ।

**तालिका १२ प्राथमिक तहमा कक्षा छाड्ने विद्यार्थीहरुको विवरण**

| कक्षा | विद्यालयको नाम | कक्षा छाड्ने विद्यार्थीको विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७० | | | २०७१ | | |
| | | अन्य | दलित | जम्मा | अन्य | दलित | जम्मा |
| १. | श्री भानुजन उ.मा.वि. | ९ | ४ | १३ | ७ | २ | ९ |
| २. | श्री बा.सु.सं.उ.मा.वि. | ३ | - | ३ | २ | १ | ३ |
| ३. | श्री मुढे प्रा.वि. | ४ | १ | ५ | १ | १ | २ |
| ४. | श्री युवावर्ष मा.वि. | २ | १ | ३ | २ | - | २ |
| ५. | श्री महेन्द्र नि.मा.वि. | २ | २ | ४ | १ | १ | २ |
| ६. | श्री बाँफ्रोगरा नि.मा.वि. | ३ | - | ३ | १ | - | १ |
| **जम्मा** | | **२३** | **८** | **३१** | **१४** | **५** | **१९** |

**स्रोत : विद्यालय अभिलेख** (२०७१)

माथिको तालिकाको विश्लेषण गर्दा नमुना छनौटमा परेका विद्यालयमा विद्यार्थीहरुको कक्षा छाड्ने दर सामान्य रहेको छ । भानुजन उ.मा.वि.मा शैक्षिक सत्र २०७० र २०७१ मा

क्रमश १३ र ९ जना विद्यार्थीहरुले कक्षा छोड्का थिए भने बा.सु. उ.मा.वि.मा दुवै सालमा ३/३ जना विद्यार्थीहरुले कक्षा छाडेका थिए । त्यसैगरी मुढे प्रा.वि.मा २०७० मा ५ जना विद्यार्थीले कक्षा छोड्का थिए भने २०७१ मा २ जना विद्यार्थीले कक्षा छोडेका थिए । युवा वर्ष मा.वि.मा २०७० र २०७१ मा क्रमश ३ र २ जना विद्यार्थीले कक्षा छोडेका थिए भने महेन्द्र नि.मा.वि. र बाँभ्होगरा नि.मा.वि.मा ४/२ र ३/१ जना विद्यार्थीले कक्षा छोडेका थिए । यी विद्यालयमा विद्यार्थीहरुले कक्षा छाड्नुका प्रमुख कारणहरुमा वसाइसराइ रहेको पाइयो ।

### ४.२.५ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुका व्यवहारिक परिवर्तन

छात्रवृत्तिको उद्देश्य भनेको विद्यार्थीहरुलाई अध्ययन कार्यलाई सहयोग पुऱ्याउनु, अध्ययन कार्यलाई निरन्तरता प्रदान गर्नु, सफलताका लागि उत्प्रेरणा प्रदान गर्नु हो । छात्रवृत्ति प्राप्त गर्नु पूर्व र प्राप्त गरे पश्चात् विद्यार्थीहरुको आचरण, व्यवहार, उपलब्धि, मनोबल, अनुशासन, सरसफाई लगायत कुराहरुमा परिवर्तन आएको जानकारी उत्तरदाताहरुबाट प्राप्त भएको थियो । यस प्रसङ्गमा विद्यालयका प्र.अ., शिक्षक तथा अभिभावकहरुसँग गरिएको अन्तर्वार्ता, लक्षित समूह छलफल तथा प्रश्नावलीको उत्तरका आधारमा प्राप्त विवरणहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका १३ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुका व्यवहारिक परिवर्तन**

| क्र.सं. | परिवर्तन भएका कुरा | उत्तरदाताहरु | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | जम्मा | |
| १ | उत्प्रेरणा | २ | ६ | ४ | १२ | ३३.३ |
| २ | आचरण | ३ | ८ | ९ | २० | ५५.६ |
| ३ | मनोबल | १ | २ | ३ | ६ | १६.७ |
| ४ | अनुशासन | २ | ९ | ४ | १५ | ४१.७ |
| ५ | सरसफाइ | २ | ८ | १० | २० | ५५.६ |
| ६ | गृहकार्य | ३ | ९ | ७ | १९ | ५२.८ |
| ७ | अध्ययन सामग्री बोक्ने बानी | ४ | १० | १५ | २९ | ८०.६ |

**स्रोत : स्थलगत सर्वेक्षण (२०७२)**

नमुना छनौटमा परेका उत्तरदाताहरु मध्ये १२ जना अर्थात ३३.३ प्रतिशतले दलित छात्रवृत्ति भएपछि विद्यार्थीहरुमा उत्प्रेरणामा वृद्धि भएको प्रतिक्रिया दिएका थिए । त्यसरी उत्तर दिनेहरुमा २ जना प्र.अ., ६ जना शिक्षक र ४ जना अभिभावकहरु रहेको पाइयो । नमुना छनौटमा परेका उत्तरदाताहरु मध्ये २० जना अर्थात ५५.६ प्रतिशतले दलित छात्रवृत्ति प्राप्त भएपछी विद्यार्थीहरुको आचरणमा सकरात्मक परिवर्तन आएको प्रतिक्रिया दिएका थिए । त्यसरी उत्तर दिनेहरुमा ३ जना प्र.अ., ८ जना शिक्षक र ९ जना अभिभावकहरु रहेको पाइयो । उत्तरदाताहरु मध्ये ६ जना अर्थात १६.७ प्रतिशतले छात्रवृत्तिले विद्यार्थीहरुको आन्तरिक मनोवलमा वृद्धि भएको प्रतिक्रिया दिएका थिए । त्यसरी उत्तर दिनेहरुमा १ जना प्र.अ., २ जना शिक्षक र ३ जना अभिभावकहरु रहेको पाइयो । त्यसैगरी छात्रवृत्ति प्राप्त भएपछी विद्यार्थीको अनुशासनमा सकरात्मक परिवर्तन आएको बताउने उत्तरदाताको संख्या १५ जना अर्थात  ४१.७ प्रतिशत रहेको थियो । यसरी उत्तर दिनेहरुमा २ जना प्र.अ. , ९ जना शिक्षक र ४ जना अभिभावकहरु रहेको पाइयो । २० जना अर्थात ५५.६ प्रतिशत उत्तरदाताहरुले छात्रवृत्ति प्राप्ति पछि विद्यार्थीहरु सफासुग्घर भएर विद्यालय जाने गरेको जानकारी दिएका थिए भने त्यस्तो जानकारी दिनेहरुमा २ जना प्र.अ. , ८ जना शिक्षक र १० जना अभिभावकहरु रहेका थिए । यसैगरी १९ जना अर्थात ५२.८ प्रतिशत उत्तरदाताले छात्रवृत्ति प्राप्त भएपछी विद्यार्थीहरु अध्ययनका लागि आवश्यक सामग्रीहरु बोकेर विद्यालय जाने गरेको जानकारी दिएका थिए । यसरी उत्तर दिनेहरुमा ४ जना प्र.अ., १० जना शिक्षक र १५ जना अभिभावकहरु रहेको पाइयो ।

शिक्षक तथा प्रधानाध्यापकहरुले दिएको जानकारी अनुसार छात्रवृत्ति पाए पश्चात् विद्यार्थीहरुमा प्रशस्तै परिवर्तनहरु देखा परेका छन् । उनीहरुमा विद्यालय नियमित जानुपर्छ भन्ने भावनाको विकास भएको छ । विद्यालय जाँदा अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरु बोकेर जाने गरेको पाइएको थियो । सबैभन्दा कम उत्तरदाताले मात्र छात्रवृत्तिले विद्यार्थीहरुको अध्ययन कार्यमा मनोबल बढाएको बताएका थिए । शैक्षिक सामग्रीहरु बिना नै विद्यालय आउने बालबालिकाहरु छात्रवृत्ति पाए पश्चात् आवश्यक सामग्रीहरु बोकेर विद्यालय जान्छन् भने उनीहरुले पढाइलाई समेत महत्व दिने गरेका छन् । यसका अतिरिक्त उनीहरुले नियमित गृहकार्य गर्नुका साथै सरसफाइमा ध्यान पुऱ्याएको पाइयो । बालबालिकाहरुलाई विद्यालय पठाउन खर्च जुटाउन नपरेपछी अभिभावकहरुले पनि आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउने गरेको पाइयो । छात्रवृत्ति प्राप्त गर्नु अगाडी अधिकांश

बालबालिकाहरु विद्यालय नआउने गरेकाले विद्यालय आउने बालबालिकाहरुको सरसंगत पनि तिनै विद्यालय नआउने बालबालिकाहरु सँग हुन्थ्यो तर हाल आएर अधिकांश विद्यालय उमेरका बालबालिकाहरु विद्यालय आउने भएपछि सबैको सरसंगत नै विद्यार्थीहरु माझ मात्र हुने भएकाले उनीहरु अनुशासित भएको पाइयो । यसै गरी अवलोकन फारामका आधारमा पनि विद्यार्थीका विविध पक्षहरु जस्तै  विद्यार्थीको पढाईमा नियमितता, गृहकार्य गर्ने बानिमा सुधार, सरसफाइ, आचरणमा सुधार, मिलनसारितामा वृद्धि, आत्मविश्वास तथा मनोबलमा वृद्धिका साथै अतिरिक्त कृयाकलापमा समेत रुची बढेको पाइयो ।

## ४.३ छात्रवृत्ति कार्यक्रमका समस्याहरु

नमुना छनौटमा परेका विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरुसँगको अन्तर्वार्ता, प्रश्नावली, अभिभावकहरुले गरेका गुनासा तथा उनीहरुसँग गरिएको लक्षित समूह छलफलका आधारमा दलित छात्रवृत्ति वितरण गर्ने कार्यमा प्रशस्तै समस्याहरु रहेको पाइयो । समयमै छात्रवृत्ति रकम नबाँडिएको, छात्रवृत्ति वितरणको कुनै निश्चित समय नभएको, छात्रवृत्ति प्राप्त गर्ने उद्देश्यले दलित समुदायका बालबालिकाहरुलाई एकभन्दा बढि विद्यालयमा भर्ना गरिएको, छात्रवृत्ति वापतको रकम कम भएको, छात्रवृत्ति रकममा असमानता भएको, छात्रवृत्ति वापतको रकम सहि काममा प्रयोग भए नभएको बारेमा निरीक्षण तथा अनुगमन नगरिएकोले कार्यक्रम प्रभावकारी हुन नसकेको जस्ता समस्याहरु रहेको पाइयो । यसरी प्राप्त भएका गुनासा तथा जानकारीका आधारमा दलित छात्रवृत्ति कार्यक्रमका समस्याहरुलाई निम्नानुसार तालिकामा देखाएर चर्चा गरिएको छ ।

**तालिका १४ छात्रवृत्ति कार्यक्रमका समस्याहरुको विवरण**

| क्र. सं. | कार्यक्रमका समस्याहरु | उत्तरदाताहरु | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोतव्यक्ति | | |
| १. | रकम शैक्षिक सत्रको शुरुमा वितरण नगरिनु | २ | ७ | ५ | - | १४ | ३७.८ |
| २. | रकम निर्धारित काममा प्रयोग नहुनु | ३ | ६ | १ | १ | ११ | २९.७ |
| ३. | दोहोरो छात्रवृत्ति प्राप्त गर्ने प्रयास गरिनु | ४ | ८ | - | १ | १३ | ३५.१ |
| ४. | छात्रवृत्ति नपाउनेमा मनोवैज्ञानिक असर पर्नु | २ | ५ | ५ | १ | १३ | ३५.१ |
| ५. | रकम अपर्याप्त हुनु | ५ | ८ | १३ | १ | २७ | ७३.० |
| ६. | अनुगमन तथा निरीक्षणमा कमि हुनु | ४ | ७ | ४ | - | १५ | ४०.५ |

**स्रोत : स्थलगत सर्वेक्षण** (२०७२)

माथि प्रस्तुत गरिएको तालिका अनुसार उत्तरदाताहरु मध्ये १४ जना अर्थात् ३७.८ प्रतिशत उत्तरदाताहरुले बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति रकम शैक्षिक सत्रको शुरुमानै वितरण नगरिएकाले समस्या उत्पन्न भएको जानकारी दिएका थिए । यसरी जानकारी दिनेहरुमा २ जना प्र.अ., ७ जना शिक्षक र ५ जना अभिभावकहरु रहेका थिए । यस विषयमा स्रोत व्यक्तिले कुनै प्रतिक्रिया दिएका थिएनन् । छात्रवृत्ति वापतको रकम बालबालिकाहरुले सिकाइ कार्यमानै खर्च गर्नुपर्नेमा अन्य प्रयोजनमा खर्च गरिएकाले समस्या

उत्पन्न भएको जानकारी ११ जना उत्तरदाताहरु अर्थात् २९.७ प्रतिशतले दिएका थिए । त्यसरी प्रतिक्रिया दिनेहरुमा ३ जना प्र.अ., ६ जना शिक्षक, १ जना अभिभावक र १ जना स्रोत व्यक्ति रहेका थिए । यस समुदायका अभिभावकहरुले एक भन्दा बढि विद्यालयमा आफ्ना बालबालिका भर्ना गर्ने र छात्रवृत्ति लिने प्रयास गरेको जानकारी १३ जना अर्थात् ३५.१ प्रतिशत उत्तरदाताहरुले दिएका थिए । त्यसरी उत्तर दिनेहरुमा २ जना प्र.अ., ५ जना शिक्षक, ५ जना अभिभावक र १ जना स्रोत व्यक्ति रहेका थिए । उत्तरदाताहरु मध्ये ७७ प्रतिशत अर्थात् २७ जनाले हाल प्रदान गरिदैं आएको रकम अपर्याप्त भएकाले समस्या उत्पन्न भएको जानकारी दिएका थिए । त्यसरी उत्तर दिनेहरुमा ५ जना प्र.अ., ८ जना शिक्षक, १३ जना अभिभावक र १ जना स्रोत व्यक्ति रहेका छन् । नियमित अनुगमन तथा निरीक्षण नभएका कारण पनि समस्या उत्पन्न हुने गरेको जानकारी ४ जना प्र.अ., ७ जना शिक्षक र ४ जना अभिभावकले समेत गरी १५ जना अर्थात् ४०.५ प्रतिशत उत्तरदाताहरुले दिएका थिए ।

नमुना छनौटमा परेका दुइवटा विद्यालयहरुले दलित छात्रवृत्ति वापतको रकम शैक्षिक सत्रको शुरुमानै वितरण नगरेको पाइयो । समयमै छात्रवृत्ति रकम वितरण नगरिएकाले समस्या भएको भनी कुरा उठाउने उत्तरदाताहरुमा शिक्षकको संख्या उल्लेख्य रहेको थियो । समयमानै रकम वितरण नगर्दा बालबालिकाहरुलाई आवश्यक पर्ने शैक्षिक सामाग्रीहरु समयमा नै उपलब्ध गराउन कठिन पर्ने भएकाले बालबालिकाहरुको अध्ययन कार्यमा बाधा उत्पन्न हुने गरेको गुनासो केहि अभिभावकहरुले गरेको पाइयो । यसरी विद्यालयमा भर्ना हुने वित्तिकै छात्रवृत्ति नपाउँदा विद्यार्थीहरुलाई आवश्यक पर्ने कापी कलम लगायतका शैक्षिक सामाग्रीहरुको जोहो गर्न कठिन हुने भएकाले बालबालिकाहरुको अध्ययन कार्यमा बाधा उत्पन्न हुने गरेको गुनासो अभिभावकहरुको रहेको पाइयो । शिक्षकहरुले समेत यस कुरामा सहमति जनाएको पाइयो । केहि बालबालिकाहरु छात्रवृत्तिको रकम पाएपछि कापी कलम किन्ने भन्दै रित्तै विद्यालय आउने गरेको पाइयो । यस्तो अवस्थाले शिक्षण सिकाइमा बाधा पुऱ्याउनुका साथै छात्रवृत्ति कार्यक्रमलाई समेत प्रभावहिन बनाएको कुरा शिक्षकहरुले बताएका थिए ।

बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्नुको मुख्य उद्देश्य उनीहरुलाई विद्यालयमा भर्ना हुन उत्प्रेरित गर्ने, विद्यालयलाई निरन्तरता प्रदान गरी कक्षा छोड्ने दरमा कमि ल्याउने,

बालबालिकाहरुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने, उनीहरुको अध्ययन कार्यलाई सहज बनाउने रहेको पाइन्छ । दलित समुदायका अधिकांश परिवारहरु आर्थिक रुपमा गरिव भएकाले उनीहरुले छात्रवृत्ति वापत प्राप्त रकम अन्य काममा लगाउने सम्भावना प्रशस्तै रहन्छ । यसै प्रसङ्गमा एकजना प्र.अ. ले एकदिनको घटना सुनाउँदै भने छात्रवृत्ति लिनका लागि एकजना विद्यार्थीका बुवा र आमा दुबै जना विद्यालयमा आएकोमा छात्रवृत्ति वापतको रकम कसले बुझ्ने भन्ने बारेमा उनीहरु विचमा नै विवाद भयो । बाबुलाई सो रकम दिएमा जाँड खाएर सो रकम सक्ने भएकाले उनलाई नदिन बालककी आमाले आग्रह गरिन् भने बाबु चाहिं आमालाई सो रकम दिएमा उनले घरखर्च गरेर सो रकम सक्ने भएकाले आफूले बच्चालाई आवश्यक पर्ने सामग्री किनिदिने भएकाले सो रकम आफुलाई दिन आग्रह गर्दै थिए ।

एक जना विद्यार्थीका लागि एक शैक्षिक सत्र भरिमा एउटा विद्यालयबाट मात्र दलित छात्रवृत्ति प्राप्त गर्ने व्यवस्था हुन्छ तर केहि अभिभावकहरुले एउटै विद्यार्थीलाई एक भन्दा बढि विद्यालयमा भर्ना गर्ने र सबै विद्यालयबाट सो रकम प्राप्त गर्ने गरेको जानकारी समेत पाइयो । केहि विद्यार्थीहरुको तिनवटा विद्यालयमा भर्ना विवरण रहेको जानकारी एक प्र.अ.ले दिएका थिए । विगतमा यस्तो कार्यहुने गरेको जानकारी पाएपछि यसपटक भने सो अवस्था आउन नदिन सजगता अपनाइएको जानकारी उनले दिए । एकभन्दा बढि विद्यालयमा भर्ना गरेपछि जुन विद्यालयमा छात्रवृत्तिको चर्चा हुन शुरुहुन्छ सोहि विद्यालयमा बालबालिकाहरुलाई पठाउने र सो विद्यालयबाट छात्रवृत्तिपाए पश्चात् अर्को विद्यालयमा सोहि विद्यार्थीलाई नियमित रुपमा पठाउने गरेको पाइयो । यसो गर्दा धेरै रकम हात पर्ने र सो रकम अन्य प्रयोजनमा समेत खर्च गर्न पुग्ने हुनाले त्यसो गरिएको हुन सक्ने शिक्षकहरुले बताएका थिए ।

आर्थिक अभावका कारण आफ्नो अध्ययन कार्यलाई अगाडी बढाउन नसक्ने अवस्था आएमा छात्रवृत्ति प्रदान गरी अध्ययन कार्यलाई सुचारु बनाउन सहयोग गर्नुपर्ने हो तर नेपालमा आर्थिक आधारमा भन्दा पनि जातिगत तथा लैङ्गिक आधारमा छात्रवृत्ति वितरण गरिदैं आएको पाइन्छ । ५०% छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, सिमान्तकृत तथा अल्पसंख्यक जातजातिहरुलाई प्रदान गरिने छात्रवृत्ति यसका उदाहरणहरु हुन् । यसरी जातिका आधारमा छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति नपाउने समुदायका गरिव परिवारका बालबालिकाहरुलाई

मनोवैज्ञानिक असर परेको ३५ प्रतिशत उत्तरदाताहरुले बताएका थिए । आर्थिक अवस्था अत्यन्तै कमजोर भएका स्वत छात्रवृत्ति नपाउने समुदायका बालबालिकाहरु अरुले छात्रवृत्ति वापतको रकम पाएको देखेर आफुले पनि सो रकम पाउने आशा गर्दछन् तर सो रकम आफुले नपाउँदा रुदैं रुदैं घरजाने गरेको समेत जानकारी प्राप्त भयो । यसरी घरफर्किएका बालबालिकाहरु केहि दिनसम्म विद्यालय समेत नआउने गरेको जानकारी पाइयो । यसरी छात्रवृत्ति नपाउनुको कारण उनीहरुले आफ्ना अभिभावक तथा शिक्षकहरुलाई सोध्दा जवाफ दिएर चित्त बुझाउन कठिन हुने गरेको उनीहरुले बताए । आफ्ना बालबालिकाहरुलाई राम्रोसँग पढाउन सक्ने हैसियत भएका तर स्वत छात्रवृत्ति पाउने समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्दा अन्य समुदायका गरिव परिवारका बालबालिकाहरुलाई मनोवैज्ञानिक असर परेको अवस्था छ ।

हालको महङ्गीको तुलनामा दलित छात्रवृत्ति वापतको रकमले विद्यार्थीहरुलाई आवश्यक पर्ने सम्पूर्ण शैक्षिक सामग्रीहरु किन्न नपुग्ने गुनासो अभिभावकहरुबाट आएको थियो । विद्यालयले छात्रवृत्ति वापतको रकम उपर्युक्त समयमा वितरण गरे नगरेको, सो रकमको उद्देश्य अनुसार खर्च भए नभएको, सम्बन्धित व्यक्तिले पाएको नपाएको बारेमा निरीक्षण तथा अनुगमन नहुनु पनि छात्रवृत्ति वितरणको एक समस्या भएको प्रतिक्रिया ४० प्रतिशत उत्तरदाताहरुले दिएका थिए । त्यहि भएर पनि कतिपय विद्यालयहरुले सो रकम शैक्षिक सत्रको मध्यतिर मात्र वितरण गर्ने गरेको पाइयो । यसरी अनुगमन तथा निरीक्षणको अभावमा समयमा वितरण नहुनुका साथै सो रकम अभिभावकहरुले बालबालिकाहरुको अध्ययन कार्यमा नै खर्च गरे नगरेको समेत जानकारी नभइरहेको अवस्था पाइयो ।

## ४.४ छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

विद्यालयमा वितरण गरिदै आएको छात्रवृत्ति कार्यक्रममा विभिन्न समस्याहरु रहेको पाइयो । यसरी देखिएका समस्याहरुको समाधानका उपायहरुको खोजी गर्ने क्रममा शिक्षक, अभिभावक, प्र.अ. तथा स्रोत व्यक्ति सँग छलफल तथा प्रश्नावलीका माध्यमबाट समाधानका उपायहरुको खोजी गरिएको छ । यसरी प्राप्त जवाफका आधारमा दलित छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याको समाधानका लागि निम्नानुसारका उपायहरु तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १५ छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु**

| क्र. सं. | कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु | उत्तरदाताहरु | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | अभिभावक | स्रोतव्यक्ति | | |
| १. | शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनु पर्ने | ३ | ७ | ५ | - | १५ | ४०.५ |
| २. | रकम निर्धारित काममा लगाउनु पर्ने | ४ | ९ | २ | १ | १६ | ४३.२ |
| ३. | छात्रवृत्ति रकममा वृद्धि गर्नुपर्ने | ४ | ८ | १० | १ | २३ | ६२.२ |
| ४. | दोहोरो भर्ना प्रक्रियालाई निरुत्साहन गरिनुपर्ने | ५ | ७ | २ | १ | १५ | ४०.५ |
| ५. | प्रभावकारी निरीक्षण र अनुगमन गरिनुपर्ने | ३ | ५ | - | - | ८ | २१६ |

**स्रोत : स्थलगत सर्वेक्षण, २०७२**

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा नमुना छनौटमा परेका उत्तरदाताहरु मध्ये १५ जना अर्थात् ४०.५ प्रतिशतले शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनु पर्ने धारणा व्यक्त गरेका थिए । यस्तो धारणा व्यक्त गर्नेहरुमा ३ जना प्र.अ., ७ जना शिक्षक र ५ जना अभिभावकहरु रहेका थिए । उत्तरदाताहरु मध्ये १६ जना अर्थात् ४३.२ प्रतिशतले हाल प्रदान गरिदैं आएको रकम निर्धारित काममा लगाएमा समस्या समाधान हुने धारणा व्यक्त गरेका थिए । उक्त धारणा व्यक्त गर्नेहरुमा ४ जना प्र.अ., ९ जना शिक्षक, २ जना अभिभावक र १ जना स्रोतव्यक्ति रहेका थिए । त्यसैगरी उत्तरदाताहरु मध्ये २३ जना अर्थात् ६२.२ प्रतिशतले

हाल प्रदान गरिदैं आएको रकममा वृद्धि गर्नु पर्ने धारणा व्यक्त गरेका थिए । उक्त धारणा व्यक्त गर्नेहरुमा ४ जना प्र.अ., ८ जना शिक्षक तथा १० जना अभिभावक तथा १ जना स्रोत व्यक्ति रहेका थिए ।

त्यस्तै १५ जना उत्तरदाताहरु अर्थात् ४०.५ प्रतिशतले हाल दोहोरो भर्ना गरेर भर्ना गरिएका सबै विद्यालय बाट छात्रवृत्ति लिने प्रयास गरिएकाले त्यस्तो कार्यलाई निरुत्साहन गरेमा समस्या समाधान हुने धारणा व्यक्त गरेका थिए । उक्त धारणा व्यक्त गर्नेहरुमा ५ जना प्र.अ., ७ जना शिक्षक, २ जना अभिभावक तथा १ जना स्रोतव्यक्ति रहेका थिए । प्रभावकारी निरीक्षण तथा अनुगमन गरिएमा छात्रवृत्ति वितरण कार्यमा देखिएका समस्याहरुको समाधान हुने धारणा उत्तरदाताहरुमध्ये ८ जना अर्थात् २१.६ प्रतिशतले व्यक्त गरेका थिए । उक्त धारणा व्यक्त गर्नेहरुमा ३ जना प्र.अ. र ५ जना शिक्षक रहेका थिए ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

**प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम** शीर्षकको शोधकार्यलाई पूर्णता दिने क्रममा नमुना छनौटमा परेका श्री भानुजन उ.मा.वि. स्रोत केन्द्र अर्न्तगतका ६ वटा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक तथा स्रोत व्यक्ति आदिसँगको प्रत्यक्ष अर्न्तवार्ता, प्रश्नावली, अवलोकन, अन्तर्क्रिया, अभिलेखहरुको अध्ययन, पत्रपत्रिका, कृतिका साथै विभिन्न प्राथमिक तथा सहायक स्रोतहरुको समीक्षा र शोधकर्ताको ज्ञान र विवेक प्रयोग गरी शोधकार्य अगाडि बढाइएको थियो । यस परिच्छेदमा अघिल्लो परिच्छेदमा प्राप्त गरिएका तथ्याङ्कको व्याख्या र विश्लेषणबाट प्राप्त भएका प्रमुख प्राप्तीहरुलाईसारको निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ भने त्यसकै आधारमा विभिन्न तह र तप्काका लागि सुझाव समेत प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

नमुना छनौटमा परेका विद्यालयहरुमा दलित छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरुको वितरणमा असमानता पाइएको थियो । श्री भानुजन उ.मा.वि.मा दलित समुदायका बालबालिका १४.०५ प्रतिशत रहेका थिए भने बाल सुबोधिनी संस्कृत उ.मा.वि. मा २९.५५ प्रतिशत रहेका थिए । त्यसैगरी  मुढे प्रा.वि.मा. ८.४७ प्रतिशत विद्यार्थी दलित समुदायका भर्ना भएका थिए भने युवा वर्ष मा.वि.मा ८.४७ प्रतिशत विद्यार्थीहरु रहेका थिए । सबैभन्दा बढी दलित विद्यार्थी ३१.२५ प्रतिशत श्री महेन्द्र नि.मा.वि. मा रहेका थिए भने बाँझोगरा नि.मा.वि. मा १६.०४ प्रतिशत बालबालिकाहरु दलित समुदायका भर्ना भएको पाइयो ।

नमुना छनौटमा परेका विद्यालयहरुमा छात्रवृत्ति वितरण गर्ने समयको बारेमा स्थलगत भ्रमण गरी अध्ययन गर्दा निश्चित समय नतोकिएको पाइएको थियो भने वार्षिक कार्यतालिकामा समेत उल्लेख गरेको पाइएको थिएन । कसैले छात्रवृत्ति शैक्षिक सत्रको शुरुमानै वितरण गरेका थिए भने कसैले विचमा र कसैले अन्तमा वितरण गर्ने गरेका थिए । यसैगरी विद्यालयमा छात्रवृत्ति वितरण गर्दा औपचारिक कार्यक्रम गर्ने गरेको पाइएन । विद्यार्थीहरुलाई नै अधिकांश विद्यालयहरुले रकम बाँड्ने गरेको पाइएको थियो भने कुनै विद्यालयले विद्यार्थीहरुलाई नै खबर पठाएर अभिभावकलाई समेत लिएर आउन अनुरोध गरेको पाइएको थियो । नमुना छनौटमा परेका विद्यालयमा विद्यार्थीहरुले छात्रवृत्ति रकमको प्रयोगको

अवस्थाको बारेमा समेत विश्लेषण गर्ने प्रयास गरिएको थियो । जस अनुसार छात्रवृत्ति वापतका रकम विभिन्न प्रयोजनका लागि खर्च हुने गरेको पाइएको थियो । ती प्रयोजनहरुमा विद्यालय पोशाक, कापीकलम, अन्य लुगा, पारिवारिक आवश्यकताको परिपूर्ति, औषधि उपचार, टाइ, जुत्ता, परीक्षा शुल्क, खाजा, उपभोग्य सामाग्रहरु र ब्रस, टुथपेष्ट आदिमा खर्च गर्ने गरेको पाइएको थियो । छात्रवृत्ति वापतको रकम अन्य विभिन्न काममा समेत खर्चहुने गरेको अभिभावकहरुले व्यक्तिगत छलफलको क्रममा बताएका थिए ।

छात्रवृत्ति वापतको रकमको पर्याप्तताका सम्बन्धमा पनि यस शोध अध्ययनको शिलशिलामा विश्लेषण गरिएको थियो । जस अनुसार अधिकांश उत्तरदाताहरुले यो छात्रवृत्ति रकम अपुग हुनुको साथै महङ्गी अनुसार समसामयिक नभएको गुनासो गरेका थिए । हालको महङ्गीमा त्यति रकमले केही पनि किन्न नपुग्ने कुरा उनीहरुले बताएका थिए । सो छात्रवृत्ति वापतको रकम कम्तिमा पनि रु. २००० पुऱ्याउनु पर्ने नभएपनि रु. १००० चाहिँ अनिवार्य रुपमा बनाउनु पर्ने उनीहरुको धारणा रहेको थियो ।

अध्ययनकै क्रममा नमुना छनौटमा परेका विद्यालयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त गर्ने समुदायका बालबालिका र अन्य समुदायका बालबालिकाको शैक्षिक सत्र २०७० र २०७१ को सिकाइ उपलब्धिको तुलना समेत गरिएको थियो । जस अनुसार श्री भानुजन उ.मा.वि. मा अन्य समुदायका बालबालिकाको प्राथमिक तहको सिकाइ उपलब्धि क्रमश शैक्षिक सत्र २०७० र २०७१ मा ६१.५३ र ५९.२७ प्राप्त भएको थियो भने छात्रवृत्ति पाउनेको सिकाइ उपलब्धि क्रमश शैक्षिक सत्र २०७० र २०७१ मा ५९.०१ र ५९.९४ रहेको थियो । त्यसैगरी श्री बाल सुबोधिनी संस्कृत उ.मा.वि.को प्राथमिक तहको सिकाइ उपलब्धि क्रमश : २०७० र २०७१ मा ५१.२ र ५१.५७ रहेको मा छात्रवृत्ति पाउनेको शैक्षिक उपलब्धि क्रमश : ४९.४८ र ५१.९८ रहेको थियो । श्री मुढे प्रा.वि. को छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धिको अध्ययन गर्दा शैक्षिक सत्र २०७० र २०७१ मा क्रमश : ४५.९७ र ४६.२४ पाइएको थियो । त्यसैगरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धि क्रमश : ४३.७४ र ४४.९४ थियो । त्यस्तै श्री युवावर्ष मा.वि.को सिकाइ उपलब्धि ४७.९३ र ४८.६८ थियो भने छात्रवृत्ति प्राप्त गर्नेको सिकाइ उपलब्धि ४६.१५ र ४६.७७ रहेको थियो । श्री महेन्द्र नि.मा.वि.मा छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धि शैक्षिक सत्र २०७० र २०७१ मा क्रमश : ४८.६८ र ५५.०१ रहेका थियो भने छात्रवृत्ति प्राप्त गर्ने

विद्यार्थीको सिकाइ उपलब्धि क्रमश : ४३.७३ र ४९.१८ रहेको थियो । त्यस्तै श्री बाँझोगरा नि.मा.वि. को शैक्षिक सत्र २०७० र २०७१ को विश्लेषण गर्दा छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धि क्रमश : ४३.७४ र ४७.९३ रहेको थियो भने छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको सिकाइ उपलब्धि क्रमश : ४४.२८ र ४५.१२ रहेको थियो ।

विद्यार्थीहरुको नियमितता कस्तो थियो भनी नमुना छनौटमा परेका विद्यालयहरुमा अध्ययन गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको उपस्थिति सन्तोषजनक पाइएको थियो । श्री भानुजन उ.मा.वि.का विद्यार्थीको उपस्थिति १५५ दिन, बालसुबोधिनी संस्कृत उ.मा.वि. विद्यार्थीको उपस्थिति १६० दिन, मुढे प्रा.वि.का विद्यार्थीका उपस्थिति १६२ दिन, युवावर्ष मा.वि.का विद्यार्थीका उपस्थिति १६२ दिन, महेन्द्र नि.मा.वि. का विद्यार्थीको उपस्थिति १५८ दिन र बाँझोगरा नि.मा.वि.का विद्यार्थीको उपस्थिति दिन १६५ रहेको थियो । औषतरुपमा जम्मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको उपस्थिति १६० दिन रहेको देखिन्थ्यो भने छात्रवृत्ति कार्यक्रमले गर्दा विद्यार्थीको नियमितता केही वृद्धि भएको पाइन्थ्यो ।

नमुना छनौटमा परेका विद्यार्थीहरुको कक्षा दोहोऱ्याउनेहरुको अध्ययन गर्दा उदार कक्षोन्नतिको कारणले गर्दा खासै कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्या बढी थिएन तर केही विद्यार्थीहरुले कक्षा दोहोऱ्याएका थिए जसमा छात्रवृत्ति पाउने विद्यार्थीहरुको नमुना विश्लेषण गर्दा शैक्षिक सत्र २०७१ मा २९.०४ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए जस अनुसार भानुजन उ.मा.वि.मा. ६६ प्रतिशत, मुढे प्रा.वि.मा २५ प्रतिशत, त्यस्तै महेन्द्र नि.मा.वि र बाँझोगरा नि.मा.वि.मा ३३.३ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याएका थिए ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको व्यवहारमा आएको परिवर्तनको बारेमा समेत यस शोध पत्रमा अध्ययन गरिएको थियो । जस अनुसार अधिकांश विद्यार्थीहरुमा छात्रवृत्तिको कारणले गर्दा सिकाइ प्रतिको उत्प्रेरणामा वृद्धि भएको पाइएको थियो भने उनीहरुमा सकारात्मक आचरणको विकास भएको पाइएको थियो । त्यसैगरी विद्यार्थीहरुको गृहकार्य गर्ने बानीमा सुधार आएको पाइयो भने कक्षा नियमितता र सिकाइ उपलब्धिमा वृद्धि भएको पाइएको थियो । विद्यार्थीको अनुशासन तथा सरसफाइमा व्यापक सुधार आएको देखिन्थ्यो भने अध्ययन सामग्री बोक्ने बानीको पनि विकास भएको पाइन्थ्यो । उनीहरुको अध्ययन प्रतिको झुकावमा वृद्धि हुनुको साथै मनोबल पनि बढेको पाइन्थ्यो ।

नमुना छनौटमा परेका विद्यालयहरुका शिक्षक, प्र.अ. तथा अभिभावकहरुसँग गरिएको छलफल तथा अन्तर्वार्ताका क्रममा छात्रवृत्ति कार्यक्रममा विभिन्न समस्याहरु रहेको पत्ता लागेको थियो । छलफलका क्रममा प्राप्त रहेका विभिन्न समस्याहरु रकम शैक्षिक सत्रको शुरुमा वितरण नगरिनु , रकम निर्धारित काममा नलगाउनु , दोहोरो छात्रवृत्ति प्राप्त गर्ने प्रयास गरिनु , छात्रवृत्ति नपाउनेमा मनोवैज्ञानिक असर पर्नु , छात्रवृत्तिको रकम अपर्याप्त हुनु तथा अनुगमनका साथै निरीक्षणमा कमी पाइएको थियो । यी समस्याहरुका समाधानका उपायहरु के के हुन सक्छन् भनी गरिएको छलफलमा छात्रवृत्ति शैक्षिक सत्रको शुरुमा नै छात्रवृत्ति वितरण गरिनुपर्ने , रकम निर्धारित काममा लगाउनु पर्ने , रकममा वृद्धि गर्नुपर्ने , दोहोरो भर्ना प्रक्रियालाई निरुत्साहित गर्नुपर्ने र प्रभावकारी निरीक्षण र अनुगमन गरिनुपर्ने जस्ता समस्या समाधानका उपायहरु पत्ता लगाइएका थिए ।

समग्रमा दलित छात्रवृत्ति कार्यक्रमले यस समुदायका बालबालिकाहरुको अध्ययन कार्यमा सहयोग पुऱ्याएको छ । बालबालिकाहरुलाई आफ्नो अध्ययनकार्यमा लगनशील र मेहनतका साथ लाग्नका निम्ति उत्साह तथा उत्प्रेरणा प्रदान गरेको, विद्यालय उपस्थितिमा वृद्धि भएको, विचैमा कक्षा छोड्ने दरमा कमी आएको, कक्षा दोहोऱ्याउने दर न्युन भएको, उनीहरुको आत्मसम्मान र मनोबल वृद्धि भएको जस्ता कुराहरुले  छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धिमा सुधार आइरहेको निष्कर्ष निकालिएको छ ।

## ५.२ सुझावहरु

यस शोधपत्र अध्ययनको शिलशिलामा दलित छात्रवृत्ति कार्यक्रमसँग सम्बन्ध राख्ने व्यक्तिहरु सँग गरिएको अन्तरवार्ता, छलफल, अन्तरक्रिया र प्रश्नावलीको आधारमा सङ्कलित तथ्याङ्क तथा सूचनाको आधारमा विद्यालयमा छात्रवृत्ति कार्यक्रम प्रक्रियामा विविध कमी कमजोरी एवम् समस्याहरु रहेको पाइन्छ । ती कमी, कमजोरी तथा समस्याहरुको समाधानका लागि नीति निर्माण तह, कार्यान्वयन तह र अनुसन्धान तहले आगामी दिनहरुमा आवश्यक पहल गरी ठोस कार्यक्रमहरुका लागि विभिन्न योजनाहरु तर्जुमा गर्नु पर्दछ । अभ्यास तहमा छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गराउन र भावी शोधकर्तालाई यस अध्ययनले विद्यालयमा छात्रवृत्ति कार्यक्रमले ती समुदायका बालबालिकाहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुग्छ भन्ने विषयमा अन्य अवधारणा एवम् चरहरुको आधारमा अनुसन्धान गर्न उपयोगी हुन सक्छ ।

### ५.२.१ नीति निर्माण तह

विद्यालयमा दिइने विभिन्न छात्रवृत्तिमा नीति निर्माणको विशेष भूमिका रहेको हुन्छ । हाल दिइने दलित छात्रवृत्ति आवश्यकताका आधारमा नभई निश्चित जातका आधारमा भइरहेको छ  जसले गर्दा छात्रवृत्तिको आवश्यकता पर्ने परिवारहरु छात्रवृत्ति बाट विमुख हुने अवस्था आइरहेको छ भने आवश्यकता नभएकालाई छात्रवृत्ति दिँदा यसको महत्व र उपादेयता घटेको छ । त्यसैले छात्रवृत्ति सम्बन्धि नीति निर्माण गर्दा सबै क्षेत्र र ठाउँमा जात तथा जातिका आधारमा समान रकम नभई आवश्यकताका आधारमा छात्रवृत्ति वितरण गर्न सकिने नीति बनाउनु पर्दछ ।

छात्रवृत्ति रकमकोपनि समय सापेक्षवृद्धि गर्नु पर्दछ । हालको महङ्गीमा दलित छात्रवृत्ति भन्दै वितरण गरिएको रु.४०० ले बजारमा गएर अध्ययन सामग्री किन्दा पनि एक वर्षका लागि नपुग्ने भएकाले छात्रवृत्तिको आवश्कता भएका बालबालिकालाई कम्तिमा एक वर्ष भरिलाई आवश्यक सामग्री किन्न पुग्ने रकम छात्रवृत्ति स्वरुप दिनु पर्दछ । यसका लागि छात्रवृत्तिको रकम वृद्धि गर्ने नीति सरकारले बनाउनु पर्दछ ।

छात्रवृत्तिका लागि सधैं सरकारको मात्र मुख नताक्ने अवस्था सिर्जना गर्न स्थानीय क्षेत्रमै एउटा छात्रवृत्ति कोष सञ्चालन गर्नका लागि कानुनको निर्माण गर्नु पर्दछ भने गरिव परिवारका अभिभावकहरुका लागि आधारभूत आवश्यकता पूर्ति गर्दै सीप विकास गर्ने खालका तालिम तथा योजनाहरु नेपाल सरकार तथा उसले गैर सरकारी संस्थाहरु सँग साझेदारी गरी ल्याउनु पर्दछ ।

छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्रोत व्यक्ति, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीहरुले विद्यालयमा नियमित अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्दछ  भने छात्रवृत्ति वितरणका सम्पूर्ण कुराहरु नदेखाइ पछिल्लो निकासा विद्यालयमा नगर्ने नीति तथा कानुनको व्यवस्था गर्नु पर्दछ ।

शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्ला शिक्षा कार्यालयहरुले विचार विमर्श गरी छात्रवृत्ति वितरणमा एकरुपता ल्याउन निश्चित दिन तोक्नुपर्दछ भने त्यसको निरीक्षण र प्रतिवेदन समेत प्रस्तुत गर्ने व्यवस्था गर्नुका साथै सही वितरण नभएको अवस्थामा कारबाहीको समेत व्यवस्था गर्नुपर्दछ ।

दलित छात्रवृत्ति वितरण गर्दा मानवविकास सूचकाङ्क तथा दलित सहभागिता कम भएका जिल्ला तथा गा.वि.स.हरुमा मात्र छात्रवृत्ति केन्द्रित गर्नुपर्ने देखिन्छ भने अभिभावकहरुको अवसर लागत समेत बेहोर्नुपर्ने देखिन्छ ।

अन्तमा छात्रवृत्ति वितरण सम्बन्धमा पुन : योजना तथा नीति निर्माण गर्ने एउटा विज्ञ सहितको कार्यदल निर्माण गरी त्यसै कार्यदलले बुझाएको प्रतिवेदन अनुसार नीति निर्माण र योजनाहरुको छनौट गर्नुपर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाई अपेक्षित उद्देश्य परिपूर्ति गर्न जि.शि.अ., वि.नि., श्रोत व्यक्ति, वि.व्य.स. र प्र.अ. आदिले आ-आफ्नो कार्य, अधिकार र जिम्मेवारी वहन गर्न नियमित रुपमा क्रियाशील रहनुपर्दछ । विद्यालयमा छात्रवृत्ति रकमको वितरण गर्दा अभिभावकहरुलाई जानकारी गराउँदै औपचारिक रुपमा कार्यक्रम गरी वितरण गर्नुपर्दछ ।

यस छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधान गर्न विद्यालय व्यवस्थापन समिति गठन गर्दा एकजना दलित सदस्यको मनोनयन अनिवार्य गर्नुपर्दछ । छात्रवृत्ति रकम के कसरी खर्च गर्ने सम्बन्धमा छात्रवृत्ति प्राप्त गर्ने अभिभावकहरुलाई एक दिनको भएपनि कार्यशाला, गोष्ठी सञ्चालन गनुपर्दछ जसले छात्रवृत्तिको रकमको सही सदुपयोग गर्न सहजता प्रदान गर्दछ । यदि छात्रवृत्ति वितरणमा अनियमितता भएमा तुरुन्त कारवाहीको व्यवस्था गर्नुपर्दछ ।
विद्यालयको खातामा छात्रवृत्ति वापतको रकम प्राप्त हुने वित्तिकै तुरुन्त वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

नेपालको विद्यालयीय शिक्षाका प्रमुख समस्याहरुमा सर्वसुलभता , पहुँचमा कमी , गुणस्तरमा ऱ्हास, न्युन उपलब्धि स्तर , कक्षा दोहोऱ्याउने दरमा वृद्धि , कक्षा छोड्नेहरुको संख्यामा वृद्धि आदि रहेका छन् । यी समस्याहरु मध्ये शिक्षामा सर्वसुलभतामा वृद्धि तथा पहुँचमा वृद्धिका साथै कक्षा छाड्ने दरमा कमी ल्याउन छात्रवृत्तिले महत्वपूर्ण भूमिका खेल्दछ । नेपाल सरकारले वितरण गरेको विभिन्न छात्रवृत्तिहरु मध्ये एक महत्वपूर्ण छात्रवृत्तिको रुपमा दलित

छात्रवृत्ति रहेको छ । यस छात्रवृत्तिले गर्दा दलित समुदायका बालबालिकाहरुको कक्षा नियमितता, सिकाइ उपलब्धिमा वृद्धि र कक्षा दोहोऱ्याउने तथा छाड्ने दरमा कमी आएको पाइएको छ ।

यस शोधपत्रको अध्ययनका क्रममा शोधकर्ताले छात्रवृत्ति कार्यक्रमको लेखाजोखा गरी समस्या समाधानका लागि मात्र खोज तथा अनुसन्धान गरेको छ । यस बाहेक छात्रवृत्तिले दलित तथा गैर दलित विद्यार्थीको सिकाइमा पारेको प्रभाव, सर्वशुलभ शिक्षामा छात्रवृत्तिको भूमिका, दलित छात्रवृत्तिको व्यवस्थापन, सबैका लागि शिक्षा र छात्रवृत्तिको भूमिका, शैक्षिक वातावरण निर्माण गर्न छात्रवृत्तिको भूमिका, दलित छात्रवृत्तिले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव आदि विषयहरुमा अन्य शोधकर्ताद्वारा शोध गर्न सकिन्छ । जुन नयाँ अध्ययन अनुसन्धानले विद्यालयमा छात्रवृत्ति कार्यक्रममा देखापरेका कमी, कमजोरी र समस्याहरुको निराकरण गर्न ठोस सहयोग पुग्न सक्छ । फलस्वरुप समाजको सामाजिक, आर्थिक एवम् सांस्कृतिक रुपान्तरणको लागि वैज्ञानिक र परिवर्तनशील भूमिका निर्वाह गर्ने शिक्षा प्रणालीको विकासमा टेवा पुग्न सक्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, बालकृष्ण , ओभ्का , रामनाथ र खकुरेल , रामराज , (२०६९) , *आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषा शिक्षण , काठमाण्डौं : पिनाकल पब्लिकेसन प्रा. लि. ।*

कोइराला, विद्यानाथ र श्रेष्ठ , चन्द्रबहादुर, (२०६६), *शैक्षिक व्यवस्थापन र संगठनात्म व्यवहार ,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल, (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं : सनलाइट पब्लिकेसन ।

दुलाल, पुण्यप्रसाद, (२०६७), *दलित छात्रवृत्ति वितरणबाट गैन्ह दलित विद्यार्थीको सिकाई उपब्धिमा पारेको प्रभाव (अप्रकाशित स्नातकोत्तर शोध पत्र ), सुकुना बहुमुखी क्याम्पस, मोरङ्ग, नेपाल ।*

भट्टराई, ज्ञानेश्वर, (२०६६), *वृहत ज्ञानकोश,* काठमाण्डौं : आशिष पुस्तक भण्डार ।

वस्ति, हरिप्रसाद, (२०६६), *प्राथमिक शिक्षामा छात्रा-छात्रवृत्तिको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर शोध पत्र), सुकुना बहुमुखी क्याम्पस, मोरङ्ग, नेपाल ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०६८), *शिक्षा मनोविज्ञान,* काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला, (२०६०), *कक्षाकोठामा मनोविज्ञान,* काठमाण्डौं : एम.के. पव्लिकेसन ।

शर्मा , रमाकान्त , (२०६६) , दलित बालबालिकाको शिक्षामा सहभागिता एक चुनौती *, शैक्षिक समाचार , वर्ष ७ , अंक २ , पृष्ठ ५* ।

शैक्षिक अनुसन्धान तथा सामाजिक विकास केन्द्र, (२०१०), *विद्यार्थी भर्ना तथा टिकाउमा छात्रवृत्ति व्यवस्थापनको भूमिका (एक अध्ययन प्रतिवेदन),* भक्तपुर : शिक्षा विभाग ।

शैक्षिक स्रोत तथा विकास केन्द्र, (२०११), *छात्रा छात्रवृत्तिको प्रभावकारीता एक अध्ययन,* भक्तपुर : शिक्षा विभाग ।

**प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम**

**अनुसूची ९**

**विद्यालय सर्वेक्षण फारम**

विद्यालयको नाम : ठेगाना :

प्रधानाध्यापकको नाम :

शैक्षिक सत्र, २०७०

| कक्षा | दलित विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तिर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

शैक्षिक सत्र, २०७१

| कक्षा | दलित विद्यार्थी | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तिर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम**

**अनुसूची ५**

**स्रोत व्यक्तिका लागि प्रश्नावली १**

स्रोत केन्द्रको नाम :                                ठेगाना :

स्रोत व्यक्तिको नाम :

१. तपाईले स्रोत व्यक्तिमा काम गर्नु भएको कति वर्ष भयो ?

क) २   ख) ५   ग) १०   घ) १० भन्दा बढि

२. तपाईको स्रोत केन्द्र भित्रका विद्यालयमा दलित बालबालिकाको भर्ना कस्तो छ ?

क) राम्रो छ   ख) राम्रो छैन

३. तपाईलाई विद्यालयमा छात्रवृत्ति वितरण गर्दा निमन्त्रणा गरिन्छ ?

क) गरिन्छ   ख) गरिदैन

४. विद्यार्थीले छात्रवृत्तिको रकम केमा खर्च गर्छन् ?

क) अध्ययन सामाग्री खरिद गर्न   ख) अन्य

५. छात्रवृत्ति वितरण पछि विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको छ ?

क) छ   ख) छैन   ग) केहिमात्रामा सुधार छ

६. विद्यार्थीलाई दिइने छात्रवृत्ति वापतको रकम पर्याप्त छ ?

क) छ   ख) छैन

७. दलित वर्गका विद्यार्थीलाई विद्यालय शिक्षामा आकर्षित गर्न के गर्नुपर्ला ?

क) पर्याप्त छात्रवृत्तिको व्यवस्था   ख) खाजा पुरस्कारको व्यवस्था

ग) अभिभावकलाई चेतना

## प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची ५

## स्रोत व्यक्तिका लागि प्रश्नावली २

१. विद्यालयमा दिइने छात्रवृत्तिलाई तपाईले कसरी लिनु भएको छ ?

२. विद्यार्थीहरुको सिकाई उपलब्धिमा छात्रवृत्तिले कस्तो भूमिका खेलेको छ ?

३. छात्रवृत्ति वितरण प्रकृयामा कुन विधि प्रयोग गर्दा सकरात्मक उपलब्धि होला ?

४. तपाईको विचारमा छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरु आइपर्दछन् ?

५. छात्रवृत्ति वितरणमा आएका समस्या समाधान गर्न के के उपाय अपनाउनु पर्ला ?

६. छात्रवृत्ति कायक्रमलाई प्रभावकारी बनाउन के के गर्नु पर्ला ?

## प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची ६

## प्रधानाध्यापक तथा शिक्षकका लागी प्रश्नावली १

विद्यालयको नाम :

प्रधानाध्यापक/ शिक्षकको नाम :

१. तपाईको विद्यालयमा कुन कुन जातिको बालबालिकाको सहभागिता छ ?

क) दलित ख) अन्य ग) आदिवासी जनजाती घ) क, ख,ग ,सबै

२. तपाईको विद्यालयमा दलित बालबालिकाको भर्नाको स्थिति कस्तो छ ?

क) राम्रो ख) नराम्रो ग) ठिकै

३. विद्यालयमा छात्रवृत्ति वितरण हुने गरेको छ ?

क) छ ख) छैन

४. छात्रवृत्ति कार्यक्रम कसरी गर्नुहुन्छ ?

क) आम अभिभावक बोलाएर ख) छात्रवृत्ति पाउनेका अभिभावक बोलाएर

ग) अनौपचारिक रुपमा

५. छात्रवृत्ति केका रुपमा वितरण गर्नुपर्छ ?

क) नगद ख) पोशाक ग) स्टेशनरी घ) पोशाक र स्टेशनरी

६. विद्यालयमा छात्रवृत्ति वितरण कहिले गरिन्छ ?

क) शैक्षिक सत्रको सुरुमा ख) शैक्षिक सत्रको विचमा ग) शैक्षिक सत्रको अन्तमा घ) कुनै निश्चित समय छैन

७. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो परिवर्तन आएको छ ?

क) आशातित ख) नगन्य ग) छैन

## प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची ६

## प्रधानाध्यापक तथा शिक्षकका लागी प्रश्नावली २

विद्यालयको नाम :

प्रधानाध्यापक/ शिक्षकको नाम :

१. छात्रवृत्ति कार्यक्रम का राम्रा पक्षहरु के के हुन् ?

२. छात्रवृत्ति कायक्रममा आउने समस्याहरु के के हुन् ?

३. छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सिकाइको गुणस्तरीयतामा कतिको प्रभाव पारेको छ ?

४. छात्रवृत्ति कार्यक्रममा आएका समस्या समाधानका उपायहरु के के होलान ?

५. छात्रवृत्ति कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिएला ?

६. के छात्रवृत्ति रकम पर्याप्त छ ? छैन भने किन ?

७. विद्यार्थीको शैक्षिक उपलब्धिमा सुधार ल्याउन छात्रवृत्ति कार्यक्रमले कस्तो भूमिका खेलेको छ ?

८. प्राप्त छात्रवृत्ति विद्यार्थीहरुले के केमा खर्च गर्छन् ?

९. छात्रवृत्ति कार्यक्रमको बारेमा तपाईलाई लागेको केही कुरा छन् कि ?

## प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची ७

## लक्षित समूह छलफलका लागि खुला प्रश्नावली

१. विद्यालयमा दलित वालवालिकाको भर्ना स्थिति कस्तो रहेको छ ?

२. वालवालिकाले पाउने छात्रवृत्ति कसरी वितरण हुन्छ ?

३. के छात्रवृत्तिको रकम पर्याप्त छ ?

४. छात्रवृत्तिको रकम कसरी खर्च गरिन्छ ?

५. छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको कुन कुन पक्षमा सुधार आएको छ ?

६. छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गराउन कस्तो भूमिका खेलेको छ ?

७. छात्रवृत्ति कार्यक्रमका मुख्य समस्याहरु के के होलान् ?

८. छात्रवृत्ति कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिएला ?

# प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची ३

## अभिभावक सँगको अन्तर्वार्ता अनुसूची

१. तपाँइको समुदायका विद्यालय उमेरका सबै वालवालिका विद्यालय जान्छन् ?

२. तपाँइको छोरा छोरीले छात्रवृत्ति पाउने गरेका छन् ?

३. छात्रवृत्ति वितरणमा विद्यालयले तपाँइलाई निमन्त्रणा गर्दछ ?

४. छात्रवृत्ति वापतको रकम के के मा खर्च गर्नुहुन्छ ?

५. छात्रवृत्ति पाएपछी विद्यार्थीको कुन कुन पक्षमा सुधार आएको छ ?

६. छात्रवृत्ति कार्यक्रमका मुख्य समस्याहरु के के होलान् ?

७. छात्रवृत्ति कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिएला ?

**प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम**

**अनुसूची ४**

**विद्यार्थी सँगको अन्तर्वार्ता अनुसूची**

१. तपाईंको शुभनाम के हो ?

२. तपाईं कति कक्षामा पढ्नुहुन्छ ?

३. तपाईंले छात्रवृत्ति पाउनु भएको छ ?

४. तपाईंलाई छात्रवृत्ति पाउँदा कस्तो लाग्छ ?

५. छात्रवृत्ति वापतको रकम के के मा खर्च गर्नुहुन्छ ?

६. छात्रवृत्ति पाएपछी तपाईंको पढाइमा कतिको सुधार आएको छ ?

७. छात्रवृत्ति वापतको रकम पर्याप्त छ ?

## प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची १

## नमुना छनौटमा परेका विद्यालयहरुको विवरण

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री भानुजन उ.मा.वि. | ता.न.पा. ४ ताप्लेजुङ्ग |
| २. | श्री बाल सुबोधिनी संस्कृत उ.मा.वि. | ता.न.पा.२ ताप्लेजुङ्ग |
| ३. | श्री मुढे प्रा.वि. | ता.न.पा. २ ताप्लेजुङ्ग |
| ४. | श्री युवा वर्ष मा.वि. | ता.न.पा. ७ ताप्लेजुङ्ग |
| ५. | श्री महेन्द्र नि.मा.वि. | ता.न.पा. ३ ताप्लेजुङ्ग |
| ६. | श्री बाँझोगरा नि.मा.वि. | ता.न.पा. ६ ताप्लेजुङ्ग |

**प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम**

**अनुसूची ८**

**विद्यार्थी व्यवहार अवलोकन फाराम**

| क.सं. | परिवर्तन भएका व्यवहारहरु | मापन | | | कैफियत |
|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | सामान्य | |
| १. | विद्यार्थीको पढाई | | | | |
| २. | नियमितता | | | | |
| ३. | गृहकार्य गर्ने बानिमा सुधार | | | | |
| ४. | सरसफाइ | | | | |
| ५. | आचरणमा सुधार | | | | |
| ६. | मिलनसारिता | | | | |
| ७. | आत्मविश्वासमा वृद्धि | | | | |
| ८. | मनोबल | | | | |
| ९. | अनुशासन | | | | |
| १०. | अतिरिक्त कृयाकलापमा रुची | | | | |

## प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

## अनुसूची २

## नमुना छनौटमा परेकाहरुको नामावली

| क.सं. | नामावली | पद | शैक्षिक योग्यता | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | किशोर राई | प्र.अ. | M.ed. | भानु जन उ.मा.वि. | |
| २. | रामचन्द्र वत्स | प्र.अ. | M.ed. | बाल सु.सं.उ.मा.वि. | |
| ३. | रमेश घिमिरे | प्र.अ. | B.ed. | युवावर्ष मा.वि. | |
| ४. | भगिरथ पुरी | प्र.अ. | I.A. | मुढे प्रा.वि. | |
| ५. | तुलसी न्यौपाने | प्र.अ. | I.A. | महेन्द्र मा.वि. | |
| ६. | कमला श्रेष्ठ | प्र.अ. | I.A. | बाँझोगरा नि.मा.वि. | |
| ७. | याम न्यौपाने | शिक्षक | B.ed. | महेन्द्र नि.मा.वि. | |
| ८. | रुद्रा दुलाल | शिक्षक | I.A. | महेन्द्र नि.मा.वि. | |
| ९. | खड्क थापा | शिक्षक | I.A. | बाझँोगरा नि.मा.वि . | |
| १०. | शान्ता सुब्बा | शिक्षक | S.L.C. | बाँझोगरा नि.मा.वि . | |
| ११. | गंगा गुरुङ | शिक्षक | I.A | युवावर्ष मा.वि. | |
| १२. | नेत्र खड्का | शिक्षक | B.ed. | युवावर्ष मा.वि. | |
| १३. | सुमन सिंखडा | शिक्षक | B.A. | भानु जन उ.मा.वि. | |
| १४. | शुशिला काफ्ले | शिक्षक | M.ed. | भानु जन उ.मा.वि. | |
| १५. | चेतन घिमिरे | शिक्षक | B.ed. | बाल सु.सं.उ.मा.वि. | |
| १६. | नेत्र घिमिरे | शिक्षक | पूर्वमध्यमा | बाल सु.सं.उ.मा.वि. | |
| १७. | तुलसा घिमिरे | शिक्षक | B.ed. | मुढे प्रा.वि. | |
| १८. | दमन्ता गिरी | शिक्षक | I.ed. | मुढे प्रा.वि. | |
| १९. | चेतन वि.क. | विद्यार्थी | कक्षा ४ | बाल सु.स.उ.मा.वि. | |
| २०. | विकास तोलाङ | विद्यार्थी | कक्षा ३ | बाल सु.सं.उ.मा.वि. | |
| २१. | लक्षु शंखर | विद्यार्थी | कक्षा ५ | बाल सु.सं.उ.मा.वि. | |
| २२. | रेखा नेपाली | विद्यार्थी | कक्षा ३ | मुढे प्रा.वि. | |
| २३. | देवी वि.क. | विद्यार्थी | कक्षा ४ | मुढे प्रा.वि. | |
| २४. | सुमन परियार | विद्यार्थी | कक्षा ५ | मुढे प्रा.वि. | |
| २५. | अशोक नेपाली | विद्यार्थी | कक्षा २ | युवावर्ष मा.वि. | |
| २६. | गोमा नेपाली | विद्यार्थी | कक्षा ४ | युवावर्ष मा.वि. | |
| २७. | सुन्नि वि.क. | विद्यार्थी | कक्षा ३ | युवावर्ष मा.वि. | |
| २८. | सरु तोलाङ | विद्यार्थी | कक्षा ५ | महेन्द्र नि.मा.वि. | |
| २९. | सोहन परियार | विद्यार्थी | कक्षा २ | महेन्द्र नि.मा.वि. | |
| ३०. | गोमा वि.क. | विद्यर्थी | कक्षा ४ | महेन्द्र नि.मा.वि. | |
| ३१. | आशिष तोलाङ | विद्यार्थी | कक्षा ५ | बाँझोगरा नि.मा.वि. | |

प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम

अनुसूची २

नमुना छनौटमा परेकाहरुको नामावली

| | | | | | |
|---|---|---|---|---|---|
| ३२. | सुनिता शंखर | विद्यार्थी | कक्षा ३ | बाँझोगरा नि.मा.वि. | |
| ३३. | सुवाश नेपाली | विद्यार्थी | कक्षा ४ | बाँझोगरा नि.मा.वि.. | |
| ३४. | श्याम वि.क. | विद्यार्थी | कक्षा २ | भानु जन उ.मा.वि. | |
| ३५. | डिल्ली परियार | विद्यार्थी | कक्षा ३ | भानु जन उ.मा.वि. | |
| ३६. | लक्ष्मी तोलाङ | विद्यार्थी | कक्षा ५ | भानु जन उ.मा.वि. | |
| ३७. | जुनी वि.क. | अभिभावक | साक्षर | बाल सु.सं.उ.मा.वि. | |
| ३८. | रोहन तोलाङ | अभिभावक | साक्षर | बाल सु.सं.उ.मा.वि. | |
| ३९. | राम वि.क. | अभिभावक | निरक्षर | बाल सु.सं.उ.मा.वि. | |
| ४०. | मगल नेपाली | अभिभावक | साक्षर | मुढे प्रा.वि. | |
| ४१. | सोम वि.क. | अभिभावक | साक्षर | मुढे प्रा.वि. | |
| ४२. | हेम परियार | अभिभावक | निरक्षर | मुढे प्रा.वि. | |
| ४३. | रमा नेपाली | अभिभावक | साक्षर | युवावर्ष मा.वि. | |
| ४४. | शेषराज नेपाली | अभिभावक | निरक्षर | युवावर्ष मा.वि. | |
| ४५. | गोपाल वि.क. | अभिभावक | निरक्षर | युवावर्ष मा.वि. | |
| ४६. | सरोज तोलाङ | अभिभावक | साक्षर | महेन्द्र नि.मा.वि. | |
| ४७. | ऋतु परियार | अभिभावक | साक्षर | महेन्द्र नि.मा.वि. | |
| ४८. | सरस्वती वि.क. | अभिभावक | साक्षर | महेन्द्र नि.मा.वि. | |
| ४९. | गिरीराज तोलाङ | अभिभावक | निरक्षर | बाँझोगरा नि.मा.वि. | |
| ५०. | शुष्मा संखर | अभिभावक | निरक्षर | बाँझोगरा नि.मा.वि. | |
| ५१. | सुनिता नेपाली | अभिभावक | साक्षर | बाँझोगरा नि.मा.वि. | |
| ५२. | रमेश वि.क. | अभिभावक | निरक्षर | भानु जन उ.मा.वि. | |
| ५३. | प्रसाद परियार | अभिभावक | निरक्षर | भानु जन उ.मा.वि. | |
| ५४. | लोमश तोलाङ | अभिभावक | साक्षर | भानु जन उ.मा.वि. | |
| ५५. | राम कृपाल महत्तो | स्रोतव्यक्ति | M.ed. | भानुजन स्रोत केन्द्र | |